# सूचनाको हकः व्यावहारिक प्रयोग

## सहयोगी पुस्तिका

FREEDOM FORUM

५००० प्रतिः चैत्र, २०६९

# सूचनाको हकः व्यावहारिक प्रयोग

## सहयोगी पुस्तिका

# विषय–सूची


| | |
|---|---|
| भूमिका | ग |
| नेपालमा सूचनाको हकको विगत र वर्तमान | १ |
| सूचनाको हकको व्यावहारिक प्रयोग कसरी ? | ६ |
| सूचनाको हकसँग सम्बन्धित शब्दको अर्थ र ब्याख्या | १४ |
| सूचनाको हकको सम्वन्धी ऐन २०६४ | २१ |
| सूचनाको हकसम्बन्धी नियमावली २०६५ | ३६ |
| सूचनाको हकसम्बन्धी पहिलो राष्ट्रिय सम्मेलनको घोषणापत्र | ४६ |
| सूचनाको हकको सहायता केन्द्रबारे | ५३ |

# भूमिका

सूचनाको हक मानिसको जन्मसिद्ध मौलिक हक हो । जनताले तिरेको करबाट चल्ने सार्वजनिक निकायहरूमा रहेका सूचनाको खोजी, प्राप्ति र प्रवाहमा कुनै पनि अवरोध नभई त्यस्ता सूचनामा नागरिकको सहज पहुँच हुने स्थिति रहनुलाई नै सूचनाको हक हुनु हो भन्ने मानिन्छ । आफ्नो सरोकारको वा सार्वजनिक सरोकारका कुनै पनि विषयका सूचना सहज, सरल र निःशुल्क तथा मागेकै स्वरूपमा र चाहेकै समयमा पाउने हकलाई कानुनी र व्यावहारिक रूपमा प्रत्याभूत गरिनुपर्ने मान्यता आधुनिक राज्यहरूले आत्मसात गर्न थालेका छन् । नेपालले संवैधानिक विकासका क्रममा २०४७ सालमा नै यो मान्यतालाई स्वीकार गरे पनि व्यवहारमा नागरिकले यो हक प्राप्त गर्न विभिन्न चुनौती झेल्न परिरहेको छ ।

जबसम्म जनताले जान्न पाउने वा थाहा पाउने हक उपभोग गर्न सहज रूपमा पाउँदैनन्, तबसम्म कुनै पनि समाज वा देश वास्तविकरूपमा लोकतान्त्रिक हुन सक्दैन । सुसूचित जनताले मात्र आफूमा रहेको सार्वभौमसत्ताको मूल्य बुझ्छन् अनि आफ्नो राज्य वा सरकारलाई सही रूपमा सञ्चालन गर्न सक्दछन् । यथार्थमा लोकतन्त्रमा राज्य वा सरकार भनेको सबै नागरिकको सार्थक सहभागितामा मात्र निर्माण र सञ्चालन हुने परिकल्पना गरिएको हुन्छ । त्यसैले राज्य तथा सरकारका निकायले गर्ने कुनै पनि निर्णय, निर्णय प्रक्रिया तथा निर्णय कार्यान्वयन जस्ता विषयमा नागरिकलाई जान्न पाउने हक दिइएको हो । नजानेका वा थाहा नपाएका जनताले आफ्नो हक, अधिकार, कर्तव्य मात्र नजान्ने होइन कि उनीहरू यथार्थमा कुनै पनि नागरिक भूमिका पूरा गर्न सक्दैनन् । तसर्थ, सहभागितामूलक प्रजातन्त्रको मान्यतालाई सार्थक बनाउन सूचनाको हक व्यवहारमा सुनिश्चित हुनुपर्छ ।

सूचनाको हकले जनतालाई सशक्तीकरण त गर्छ नै, यसबाट उनीहरूले एक उत्तरदायी र जवाफदेही सरकार तथा जिम्मेवार नेतृत्व बनाउन सक्रिय भूमिका पूरा गर्न सक्छन् । यसले नागरिकलाई राज्यप्रतिको विश्वास र भरोसाको मात्रा बढाइदिन्छ, अनि सरकारलाई जनताको रचनात्मक सहयोग र सहभागिता प्राप्त गर्न सहयोग पुग्छ । सूचनाको हकले जनतालाई न्याय पाउन सहयोग गर्छ । सूचनाको हक प्रयोग गरेर जनताले भ्रष्टाचारविरुद्ध लड्न सक्छन् । आफूले तिरेको करको हिसाब खोज्न पाउनु मात्र होइन आफूले पाउनुपर्ने

सेवाहरू सहजरूपमा प्राप्त गर्न पनि जनतालाई यसले मद्दत गर्छ। त्यसैले सूचनाको हक आम जनताका लागि सुशासन प्राप्तिमा सहयोग गर्ने भरपर्दो औजार हो।

सूचनाको हकसम्बन्धी ऐन कानुनलाई राम्ररी प्रयोग गरेका देशहरूले प्रजातन्त्रको अभ्यासलाई निकै सुदृढ गरेका छन् भने सुशासन सुनिश्चित गरी आर्थिक विकासलाई तीव्रता दिन पनि सफल भएका छन्। विश्वव्यापी रूपमा सूचनाको हक एउटा लोकतान्त्रिक सभ्यता मापनको आधार पनि बन्दै गएको छ। त्यसैगरी सूचनाको हकको प्रयोगको अवस्था असल शासन र उत्तरदायी सरकारको अभ्यास जाँच्ने आधार पनि बन्न पुगेको छ।

नेपालमा यो हकको बारेमा पर्याप्त जनचेतनाको अभाव छ। ऐन-नियम र राष्ट्रिय सूचना आयोग जस्ता संयन्त्रको व्यवस्था भएको पाँच वर्ष भइसके पनि यसको उपयोगतर्फ न त सरकार न त जनता, दुवै तर्फमा सक्रियता, चासो र गम्भीरताको अभाव खट्किएको छ। यद्यपि यसको प्रयोग गरेर नागरिक, समाज र सरकारले विभिन्न लाभ प्राप्त गरेका राम्रा उदाहरणहरू पनि हामीसँग नभएको होइनन् तर सूचनाको हकको प्रयोग र प्रभावको क्षेत्र निकै विस्तारित छ र सो को लागि गर्नुपर्ने विभिन्न पहल आवश्यक छ। त्यसैले हामी यसबारे आममानिसमा चेतना विस्तारको अभियानमा जुटेका छौँ। यो पुस्तिका यही क्रमको एउटा प्रयास हो। सूचनाको हकसम्बन्धी कानुनी व्यवस्था थाहा पाउन र सो कानुनको प्रयोग कसरी गर्न सकिन्छ भन्ने सन्दर्भमा यसबाट पाठकहरू अवश्य लाभान्वित हुनुहुनेछ भन्ने विश्वास राखेको छु। धन्यवाद !

**- तारानाथ दाहाल**
अध्यक्ष
फ्रिडम फोरम

# नेपालमा सूचनाको हकको विगत र वर्तमान

२०४६ सालको जनआन्दोलनमार्फत प्रजातन्त्र पुनःस्थापनापछि बनेको नेपाल अधिराज्यको संविधान २०४७ ले नेपालमा पहिलो पटक सूचनाको हकलाई जनताको मौलिक हकका रूपमा व्यवस्था गरेको हो । सो संविधानको धारा १६ मा यससम्बन्धी हकको व्यवस्था भएको थियो । सो धारामा हरेक नागरिकलाई सार्वजनिक सरोकारको कुनै पनि सूचना माग्ने र पाउने हक हुने उल्लेख थियो । तर, सूचनाको हकसम्बन्धी कानुन बन्न नसक्दा संविधानले दिएको जान्न पाउने हक सहजरूपमा जनताले उपयोग गर्न सकेनन् ।

सूचनाको हकसम्बन्धी ऐनका लागि त्यसबेला पनि केही कानुन व्यवसायी र पत्रकारहरूबाट आवाज नउठाइएको भने होइन । त्यसैले २०४९ सालमा सरकारले यससम्बन्धी ऐनको विधेयक संसद्मा पेस गरेको थियो । तर त्यो विधेयक सूचनाको हकको मर्मविपरीत भएको र त्यसले नागरिकलाई सूचनाको हकको प्रयोग गर्न थप असहज बनाउने र सूचना दिनुपर्ने दायित्व भएकाहरूलाई सूचना लुकाउन प्रेरित गर्ने खालको भएकाले त्यसको व्यापक विरोध भयो । सरकारले विधेयक संसद्बाट फिर्ता लियो । त्यसपछि सरकारले लामो समयसम्म यसबारे चासो देखाएन ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा १६ बमोजिम सूचनाको हकको माग भएको तर त्यसरी मागिएको सूचना सहजरूपमा प्राप्त नभएकाले मुद्दा लिएर सर्वोच्च अदालतसम्म पुग्नुपरेको केही केही उदाहरण छन् । जस्तै टनकपुर सन्धिसम्बन्धी दस्तावेज हेर्न पाउँ भन्ने मुद्दा यस सम्बन्धमा चर्चित छ । यसैगरी अरूण तेस्रो जलविद्युत् आयोजनाको विस्तृत डिजाइन, लगानी र वातावरणीय प्रभाव मूल्याङ्कनलगायतका दस्तावेजको प्रतिलिपि पाउँ भन्ने विषय पनि चर्चित छ । यी दुवै मागमा सर्वोच्च अदालतले सूचनाको हकको पक्षमा फैसला गर्‍यो । अरूण तेस्रो प्रकरणको मुद्दामा सार्वोच्च अदालतले सूचनाको हकसम्बन्धी ऐन तत्काल बनाउन सरकारलाई आदेश पनि दियो । तर त्यो आदेशको पालना त्यतिबेलाका सरकारहरूले गरेनन् । सो मुद्दामा ऐन नबनाएसम्म सार्वजनिक चासोका सूचना प्रवाह गर्ने ६ बुँदाको निर्देशनात्मक कार्याविधि पनि अदालतले बनाएको थियो, तर त्यो पनि प्रभावकारी हुन सकेन ।

२०५६ सालमा सूचनाको हकसम्बन्धी ऐन बनाउने क्रममा सरकारले चासो नदिएपछि नेपाल पत्रकार महाङ्घ र नेपाल प्रेस इन्स्टिच्युटलगायत संस्थाहरूको पहलमा नागरिक तहबाट विधेयकको तर्जुमाको प्रयास सुरु भयो । यो प्रयासअन्तर्गत करिब दुई वर्षको मिहेनतबाट विधेयकको मस्यौदा तयार गरी सरकारलाई बुझाइयो । तत्कालीन सरकारले २०५८ सालको संसद्को हिउँदे सत्रमा सो विधेयक संसदमा लग्यो । तर संसद् लामो समय अबरुद्ध हुँदा सो विषय छलफलमा आउन पाएन । २०५९ मा संसद्को विघटन भएपछि त सो विषय निरर्थक बन्न पुग्यो । २०६० सालमा कानुन सुधार आयोगले पनि अध्यादेशबाट भए पनि यससम्बन्धी ऐन बनाउने प्रयास गऱ्यो । तर त्यो प्रयास पनि सफल भएन । त्यसपछि मुलुकमा लोकतन्त्र नै नरहेकोले यो प्रयास थाती रहन गयो ।

जनआन्दोलन २०६२/६३ ले लोकतन्त्र पुनःस्थापित गरेपछि बनेको नेपालको अन्तरिम संविधानको २०६३ ले पनि सूचनाको हकलाई अझ प्रष्ट र थप विस्तारित रूपमा नागरिकको मौलिक हकका रूपमा व्यवस्था गऱ्यो । अन्तरिम संविधानको धारा २७ मा 'प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ' भन्ने उल्लेख छ ।

संविधानले सूचनाको हक प्रात्याभूत गरे पनि उपयुक्त कानुनको अभावमा जनताले यो हकको वास्तविक अनुभूति गर्न नसक्ने विगतको अनुभव हामीसँग थियो । त्यसैले सूचनाको हकसम्बन्धी कानुन निर्माणका लागि नागरिकका तर्फबाट निर्णायक पहल गरिनु आवश्यक ठानी राजा विरोधी आन्दोलनकै क्रममा सूचनाको हक प्राप्तिको अभियानलाई पनि सँगसँगै अगाडि लाने पहल फ्रिडम फोरमले गऱ्यो । प्रजातन्त्र प्राप्तिको आन्दोलनलाई वैचारिक ऊर्जा प्रदान गर्नकै लागि स्थापित भएको फ्रिडम फोरमले सञ्चालन गरेका लोकतन्त्रका विविध आयाममाथिको बहसका क्रममा सूचनाको हक प्रबर्द्धनका लागि पनि जनमत निर्माण गर्ने काम भयो । जनआन्दोलनको सफलता लगत्तै अन्तरिम संविधान नबन्दै नेपाल सरकारलाई सूचनाको हक प्रबर्द्धन गर्ने कानुन निर्माणका लागि दबाब दिन संस्थाले सूचनाको हकका लागि सशक्त नागरिक अभियान सञ्चालनलाई सशक्त बनायो ।

नागरिक समाजको दबाबकै परिणामस्वरूप सरकारले काशीराज दाहालको संयोजकत्वमा सूचनाको हकसम्बन्धी कानुनको मस्यौदाका लागि कार्यदल बनायो जसमा फ्रिडम फोरमका अध्यक्ष तारानाथ दाहाल तथा पत्रकारहरू शिव गाउँले, मुरारीकुमार शर्मा, बालकृष्ण चापागाईं र बबिता बस्नेत सदस्य थिए । सूचनाको हकसम्बन्धी जनमुखी कानुनको मस्यौदाका लागि फ्रिडम फोरमले महत्वपूर्ण सुझावहरू पनि दियो । सो कार्यदलले तयार गरेको मस्यौदालाई तुरुन्त र जस्ताको तस्तै कानुनका रूपमा ल्याउनका लागि दबाब दिन फ्रिडम फोरमको

कार्यदलले तयार पारेको मस्यौदालाई पुस्तकका रूपमा तयार गरी देशव्यापी रूपमा नागरिक समाजका सङ्घसंस्था र प्रतिनिधिहरूलाई वितरण गऱ्यो ।

कानुन निर्माणका लागि दबाब दिनकै लागि फोरमले २०६३ सालको माघ र फागुनामा सरकारी नागरिक समाजका प्रतिनिधिहरू, नेपाल सरकारका कर्मचारी, सुरक्षा निकायका प्रतिनिधिलगायतको प्रतिनिधित्व हुने गरी पाँचै विकास क्षेत्रमा क्षेत्रीय कार्याशाला गोष्ठीहरू सम्पन्न गऱ्यो । ती गोष्ठीहरूबाट प्राप्त सुझावहरूसमेत समेटेर २०६३ चैत २४ गते काठमाडौंमा राष्ट्रिय कार्यशाला गोष्ठी सम्मपन्न गऱ्यो । तत्कालीन सभामुख सुवास नेम्वाङको प्रमुख आतिथ्य र करिब ३० जना तत्कालीन व्यवस्थापिका-संसद्का सदस्यहरूसमेतको सहभागितामा सम्पन्न सो कार्यशाला गोष्ठी नेपालमा सूचनाको हकसम्बन्धी वर्तमान कानुन निर्माणका लागि कोशेढुङ्गा सावित भयो ।

नागरिक सामाजका प्रतिनिधिहरू रहेको कार्यदलले तयार गरेको मस्यौदाका निजी क्षेत्रका लागिसमेत सूचनाको हकसम्बन्धी कानुन बिनासर्त लागू हुनेलगायतका केही अनुच्छेदमा परिवर्तन गरिएको भए पनि नागरिक आन्दोलनको नतिजास्वरूप आएको सूचनाको हकसम्बन्धी ऐन २०६४ नेपालमा जनताको जान्न पाउने हक सुनिश्चित गर्नमा महत्वपूर्ण सफलता हो । सूचनाको हकसम्बन्धी कानुन निर्माण गर्नुलाई आफ्नो महत्वपूर्ण कार्यसूची बनाएको संस्था फ्रिडम फोरमले कानुन आउनुलाई सकारात्मकरूपमा लियो र त्यसको कार्यान्वयनका लागि सुरुका दिनदेखि नै लागि पऱ्यो ।

ऐन निर्माण भएलगत्तै राष्ट्रिय सूचना आयोगको गठन र सूचनाको हकसम्बन्धी नियमावली निर्माणलगायत ऐन कार्यान्वयनको पूर्वाधार तयार गर्नका लागि यो संस्थाले निरन्तर दबाबमूलक कार्यक्रमहरू जारी राख्यो । ऐनको व्यावहारिक कार्यान्वयनका लागि सार्वजनिक निकायहरूमा सूचना अधिकारीको नियुक्तिका लागि दबाब दिनेलगायतका रचनात्मक भूमिका यो संस्थाले निभाउँदै आयो । सूचनाको हकसम्बन्धी ऐनको पोष्टर वनाएर सार्वजनिक निकायका सूचना पार्टीमा लगेर टाँस्ने अभियान त्यसको एउटा अङ्ग थियो ।

नागरिकले सूचना खोजी नगरेसम्म सार्वजनिक निकायहरूले सूचनाको हक कार्यान्वयन गर्दैनन् भन्ने ठहर गरी सूचना माग पक्ष (सूचनाको खोजी गर्ने नागरिकहरू) लाई सशक्त बनाउन अभियान सञ्चालन गरिरहेको छ । सूचना मागिएबमोजिम प्राप्त हुनु वा नहुनुभन्दा पनि सार्वजनिक निकायहरूमा नागरिकका साथमा सूचनाको हकसम्बन्धी ऐन रहेको सन्देश प्रवाह गर्न र त्यसको पालना र कार्यान्वयन गर्ने दायित्व सम्बन्धित निकायलाई सम्झाउन यी प्रयास भएका छन् ।

सूचनाको हकलाई सबै नागरिकको हकका रूपमा स्थापित गराउने अभियानका लागि फ्रिडम फोरम जुटिरहेको छ । सूचनाको हकका लागि तालिमहरूको सञ्चालन, आफ्नै अग्रसरतामा १०० भन्दा बढी सार्वजनिक निकायसँग ती निकायमा रहेको सूचनाको माग गर्न देशभर सूचना माग्ने नागरिकलाई उत्प्रेरित गराउने तथा नागरिकहरूले चाहेको खण्डमा सूचना माग गर्न आफैं निवेदन लेखी पठाइ दिनेसम्मका काम फ्रिडम फोरमले गर्दै आएको छ । २०६५ भदौमा कोसी नदीमा आएको बाढीबाट पीडित नागरिकहरूको नाममा जुटेको सहयोगको दुरूपयोग हुनबाट रोक्न होस् वा नक्कली विल विजक बनाएर अर्बौको राजस्व छल्ने व्यापारीहरूको नाम सार्वजनिक गरी तिनलाई कारबाही गराएर राज्यको ढुकुटी बलियो बनाउनमा होस् फ्रिडम फोरमले चलाएका सूचना माग गर्ने अभियान निकै प्रभावकारी सावित भए । त्यस्ता धैरै उदाहरण फ्रिडम फोरमसँग छन् । नागरिकका पक्षमा महत्वपूर्ण निर्णय गरेर राष्ट्रिय सूचना आयोगले निभाएको कानुनसम्मत भूमिका पनि सराहनीय नै छ। सूचनाको हकको माग पक्ष विस्तार गर्ने उद्देश्यले नै फ्रिडम फोरमले २०६७ चैतमा सूचनाको हकसम्बन्धी पहिलो राष्ट्रिय सम्मेलन सम्पन्न गऱ्यो । सरकारी प्रतिनिधिहरूका साथमा देशभरका २ सय नागरिक प्रतिनिधि र सार्क मुलुकका सूचनाको हकका अभियान्ताहरूको सहभागितामा सम्पन्न दुई दिने सो सम्मेलनले सूचनाको हकको प्रबर्द्धनमा महत्वपूर्ण आधारशीला खडा गरेको छ ।

सूचनाको हक कार्यान्वयनको मुख्य औजार बनेको सूचनाको माग गर्ने कुरा अहिले धेरै हदसम्म विस्तार भएको छ । अहिले सूचनाको हक प्रबर्द्धनका लागि स्वतःस्फुर्तरूपमा नागरिकहरू जुट्दै गएका र सूचना प्राप्तिका लागि त्यस्तो एकता निकै महत्वपूर्ण सावित हुँदै पनि गएको छ। तथापि सूचनाको हक प्रबर्द्धनको अभियानलाई आम नेपालीको साझा अभियानमा परिणत गर्न नसक्दासम्म पारदर्शी र उत्तरदायी राज्य निर्माण गर्ने यो हकको लक्ष्य प्राप्त हुन सक्दैन । त्यसैले यो अभियानलाई निरन्तर अघि बढाइराख्नु पर्दछ ।

अहिलेसम्म आइपुग्दा सूचनाको हक प्रबर्द्धनका लागि धेरैवटा गैरसरकारीसंस्थाहरू सक्रिय हुन थालेका छन्। सबैको प्रयासले यो हक प्रबर्द्धन हुने वातावरण निर्माणमा सहजता कायम हुने अपेक्षा गर्न सकिन्छ। सूचना दिनुपर्छ भन्ने चेतनाको विस्तार सार्वजनिक निकायमा पनि हुँदैछ। अहिले केन्द्रमा महत्वपूर्ण सरकारी कार्यालयका सूचना, अधिकारीहरू रहेको सूचना, अधिकारी समाज पनि गठन भएको छ जुन गठनको सहजीकरण फ्रिडम फोरमले गऱ्यो। सूचना अधिकारी नियुक्त गर्ने सार्वजनिक निकायको सङ्ख्या पनि बढ्दै गएको छ। स्थानीय तहमा सूचनाको अधिकारका लागि काम गर्ने संस्था र कार्यकर्ताहरू थपिँदै गएका छन् । जनतालाई प्रेरणा दिने प्रकारका विषयमा सूचनाको हकको सफल प्रयोगका कथाहरू अहिले जतातत्तै भेट्टाइन्छ। देशका अत्ति दुर्गम जिल्लामा समेत सूचनाको हकसम्बन्धी अभियान र सञ्जालहरूको विस्तारले भविष्यमा एउटा

सुदृढ नागरिक सञ्जाल खडा हुने आधार तयार भइसकेको महसुस गरिएको छ ।

अहिले पनि आम नागरिकमा सूचनाको हकवारे पर्याप्त चेतनाको विकास भइसकेको छैन । शिक्षित नागरिकहरूमा पनि आफ्नो र सार्वजनिक सरोकारको सूचना खोज्ने, त्यस्ता सूचना सार्वजनिक गर्न सम्बन्धित निकायलाई दबाब दिने, सूचना प्राप्त गरेर तथ्यमा आधारित वकालत गर्ने र सुशासन कायाम गर्नमा आ-आफ्नो तहबाट पहल गर्ने इच्छा शक्तिको अभाव छ। सेवा प्रदायक सार्वजनिक निकाय र तीनमा कार्यरत अधिकारीहरूमा सूचनाको हकलाई जनताप्रति उत्तरदायी हुने अवसरका रूपमा बुझ्ने संस्कृतिको विकास भएको छैन । सूचना लुकाउने र अपारदर्शी तवरले काम गर्ने विगतको परम्पराबाट आज पनि मुलुकको कर्मचारीतन्त्र मुक्त हुन सकेको छैन । नीति निर्माता र कार्यान्वयनकर्तामा सूचनाको अवरोध रहित प्रवाहले श्रोत र साधनको चुहावट रोकिन्छ र समग्र आर्थिक क्रियाकलापको लागत कम भई उच्च प्रतिफल हासिल हुन्छ भन्ने चेतनाको विकास हुन सकेको छैन । त्यसैले सूचनाको हकको प्रत्यभूतिमा विभिन्न किसिमका अवरोधहरू यथावत् रहिरहेका छन् ।

राष्ट्रिय सूचना आयोगलाई श्रोत-साधन सम्पन्न नवनाई उसले प्रभावकारी भूमिका निर्वाह गर्न सक्दैन ।  सूचनाको हकसम्बन्धी उजुरी तथा पुनरावेदनको समयमा सुनुवाइ हुन पनि नसकिरहेको अवस्था छ। सरकार सूचना आयोगलाई श्रोत साधनसम्पन्न गराउनभन्दा कमजोर ववस्थामा राख्न उ उद्यत रहेको अवस्था छ । विस्तारै आयोग मुद्दाको चाङ थुपार्ने आदालत जस्तै बन्दै जाने खतरा पनि छ । सूचना दिनुपर्ने दायित्व भएका निकायका पदाधिकारीहरू सूचना माग कर्ताले मागेको सूचना दिनुको सट्टा सूचना माग्ने नागरिककाविरुद्ध अदालत जान थालेको अवस्था छ। सूचनाको हक खोज्ने नागरिकले अदालतको तारेख धाउनुपर्ने अवस्थाको सिर्जना हुने हो भने स्थिति के होला ? मानोमानी ढंगले सूचना वर्गीकरण गरेर हरेक महत्वपूर्ण सूचनालाई नागरिकले नपाउने सूचनाको वर्गमा राख्ने अभ्यास पनि नेपाल सरकारले गऱ्यो ।

सशक्त नागरिक, सूचनाको हकमैत्री सार्वजनिक निकाय, स्रोत साधन सम्पन्न सूचना आयोग र जनउत्तरदायी सरकार सूचनाको हकको प्रत्याभूतिका पूर्वाधार हुन् । नेपालमा यस्तो पूर्वाधार निर्माण गरी सूचनाको सहज प्राप्ति, प्रवाह र प्रयोगको सुनिश्चितता गर्ने काम कम चुनौतिपूर्ण छैन । सुशासन कायाम गर्ने र सार्वजनिक निकायहरूलाई स्वेच्छाचारी हुनबाट रोक्ने औजार हो सूचनाको हक । राज्यलाई जनउत्तरदायी हुन बाध्य पार्न नागरिकले प्रयोग गर्न सक्ने हतियार पनि हो यो । यो हतियारलाई भ्रष्टाचार, कुशासन, अनुत्तरदायी र जवाफदेहीताहीन राज्य संयन्त्रलाई लोकतान्त्रिक आचरणअनुसार हिंडाउन आमनागरिकले सूचनाको हकको व्यापक प्रयोग गर्न सक्नुपर्छ ।

# सूचनाको हकको प्रयोग कसरी गर्ने ?

**१) सार्वजनिक निकायका रूपमा**
**२) अधिकारकर्मीको रूपमा**
**३) सर्वसाधारण मागकर्ताको रूपमा**

**१) यदि तपाईं सार्वजनिक निकायको प्रमुख पदाधिकारी वा सूचना अधिकारी हुनुहुन्छ भने सूचनाको हकसम्बन्धी ऐनले तपाईंलाई केही महत्वपूर्ण दायित्व, कर्तव्य र अधिकार सिर्जना गरेको छ भन्ने कुरालाई आत्मसात गर्नुहोस् ।**

सूचनाको हकसम्बन्धी ऐनलाई खास कुनै विषय वा कार्यालयको कार्यक्षेत्रसँग मात्र जोडेर सीमित दृष्टि दिनुहुँदैन । यो ऐनको कार्यक्षेत्र व्यापक छ । राज्य र सरकारका सम्पूर्ण निकायहरू, जनताको करबाट बन्ने बजेटबाट सहयोग वा अनुदान प्राप्त गर्ने निकाय वा सङ्घसंस्थाहरू, राजनीतिक दल, गैरसरकारी संस्था, पेसागत सङ्घसंस्था र सहकारी संस्थाहरूसमेत सबै कार्यालयले यो ऐनअनुसार काम गर्नैपर्छ । जस्तै,

क) सूचना अधिकारी तोक्ने र प्रशिक्षित गर्ने ।
ख) प्रत्येक तीन/तीन महिनामा ऐनको दफा ५ अनुसार विवरणहरूको अद्यावधिक गरी प्रकाशन गर्ने ।
ग) आफ्नो कार्यालयसँग सम्बन्धीत सूचनाको राम्रो व्यवस्थापन गर्ने ।
घ) कोही नेपाली नागरिक सूचना माग्न निवेदन लिएर आएमा सहजतापूर्वक दर्ता गरी मागेको सूचना सकेसम्म तत्काल उपलब्ध गराउने ।
ङ) सूचना खोज्न र तयार गर्न समय लाग्ने भए बढीमा १५ दिनभित्रमा सकेसम्म छिटो सूचना उपलब्ध गराउने ।
च) सूचना दिन नमिल्ने प्रकारको रहेछ भने किन दिन नसकिएको हो स्पष्ट कारणसहित लिखित पत्र उपलब्ध गराउने ।
छ) मागकर्ताले चित्त नबुझाएमा कार्यालय प्रमुखले मागकर्ताको उजुरी सुन्ने र तद्अनुरूप सात दिनभित्र निर्णय दिने ।
ज) सो निर्णयमा पनि चित्त नबुझाएमा निजको पुनरावेदन लिई राष्ट्रिय सूचना आयोगमा पठाउने ।

झ) राष्ट्रिय सूचना आयोगको आदेश र फैसला शीघ्र कार्यान्वयन गर्ने ।

ञ) सूचना माग गरेको र प्रवाह गरेको विवरण तयार गरी प्रत्येक तीन महिनामा तालुकअड्डा र राष्ट्रिय सूचना आयोगलाई विवरण पठाउने ।

ट) सूचनाको खुलापनको नागरिक चाहनालाई कहिल्यै पनि शत्रुताको दृष्टिले नलिने र पारदर्शिताका मागहरू सम्बोधन गर्न तत्पर रहने ।

ठ) पारदर्शिता, खुलापन, र जवाफदेहिताको अभ्यासलाई आफ्नो काम कारबाहीमा आत्मसात गरी सो अनुकूल लोकतान्त्रिक संस्कारको विकासमा सहयोग पुऱ्याउने ।

**२) यदि तपाईं अधिकारका लागि सचेत र क्रियाशील अभियानकर्मी, सञ्चारकर्मी, कानुनव्यवसायी वा समुदाय र समाजको अगुवा एवम् सचेत नागरिक हुनुहुन्छ भने तपाईंले सूचनाको हकलाई प्रवर्द्धन, संरक्षण र प्रयोग गर्न सहयोग पुऱ्याउन सक्नुहुन्छ । यसैगरी सूचनाको हक तपाईंको अभियानको पनि अत्यन्तै सहयोगी औजार हुनुसक्छ । त्यसैले,**

क) सूचनाको हकबारे अध्ययन गर्नुहोस् ।

ख) सूचनाको हक सम्बन्धमा जनचेतना फैलाउनुहोस् ।

(ग) सूचनाको हकलाई आफ्नो अध्ययन, अनुसन्धान वा कामको क्षेत्रसँग जोड्न सकिन्छ, । यसरी लाभ उठाउनेबारे सच्नुहोस् ।

घ) सूचनो खोजी गर्न निवेदनहरू हाल्नुहोस् ।

ङ) ऐनको दफा ५ अनुसार सार्वजनिक निकायहरूले स्वत: खुला गर्नुपर्ने सूचनाहरू प्रत्येक तीन/तीन महिनामा गरे नगरेको अनुगमन गर्नुहोस् । छैन भने दबाब दिनुहोस् ।

च) सूचना अधिकारी नियुक्त गर्न झक्झक्याउनुहोस् ।

छ) सूचनाको हक प्रयोग गरेर भ्रष्टाचार घटाउन वा अधिकार प्राप्त गर्न भएका सफलताका कथाहरूको खोजी र संग्रह गरी आम मानिसमा पुऱ्याउनुहोस् ।

ज) भ्रष्टाचारविरुद्ध लड्न, सामाजिक जवाफदेहिता बढाउन, राज्यबाट प्राप्त हुने सेवा सुविधा सहज र समयमा नै प्राप्त गर्न, विकास- निर्माणका कार्य प्रभावकारी बनाउन, बजेटको अनुगमन गर्न तथा समग्रमा असल शासन बढाउन सूचनाको हक एकप्रभावकारी साधन हो -प्रयोग गर्नुस् ।

झ) सूचनाको हकले सबैभन्दा कमजोर, पिछडिएका र उत्पिडित समुदाय र व्यक्तिको अधिकारमा पहुँच बढाउन सहयोग पुऱ्याउँछ । उनीहरूलाई यो कुरा सिकाउनुहोस् ।

ञ) तपाईं पत्रकार हो भने, आफ्नो पेसालाई बढीभन्दा बढी विश्वसनीय बनाउन खोजी र अनुसन्धानका लागि सूचनाको हकले सबैभन्दा बढी मद्दत गर्छ, यसको प्रयोगमा अग्रसर हुनुहोस् ।

ट) सूचनाको हकले कुनै पनि तथ्य र प्रमाण जुटाउन सहयोग पुऱ्याउँछ, यसको प्रयोगमा अगाडि बढ्नुहोस् ।

ठ) सूचनाको हकलाई खुम्च्याउन र निष्क्रिय पार्न सरकारको तर्फबाट सदैव खतरा हुन सक्छ तसर्थ सचेततापूर्वक यसको संरक्षणका लागि ध्यान दिनुहोस् ।

ड) सूचनाको हकको वकालत गर्नु भनेको आम जनताका सबै अधिकारको पक्षपोषण गर्नु हो भन्ने मनन गर्नुहोस् ।

**३) यदि तपाईं एक सामान्य नेपाली नागरिक हुनुहुन्छ भने तपाईंका लागि सूचनाको हकसम्बन्धी कानुन एउटा सबैभन्दा प्रभावकारी सहयोगी औजार हो । यो हकले तपाईंलाई सार्वभौमसत्ता सम्पन्न नागरिकको भूमिका प्रदान गरेको छ । यसको प्रयोगद्वारा आफ्नो अधिकार र आफूले प्राप्त गर्नुपर्ने सेवा सुविधा प्राप्त गर्न तथा आफ्ना समस्याहरू समाधान गर्न मद्दत पुऱ्याउँछ । यो हकमार्फत तपाईं आफ्नो सरोकारका विषयका सूचना प्राप्त गर्न सक्नुहुन्छ भने सार्वजनिक सरोकारका सूचना थाहा पाएर एक सक्रिय नागरिक बन्न सक्नुहुनेछ ।**

**तपाईंलाई तपाईंले तिरेको तिरो, कर तथा तपाईंको मिहेनतको हिसाब राज्यले कहाँ कसरी राखेको छ, कहाँ कसरी खर्च गरेको छ र त्यसबाट के कसरी काम भइरहेको छ भनी राज्यका काम, निर्णय आदिबाट तपाईंको जीवनमा के असर पर्न सक्छ भन्ने लगायतका सबै विषय जान्ने अधिकार छ ।** त्यसैले

क) सूचनाको हकसम्बन्धी ऐन २०६४ अनुसार सार्वजनिक निकायले अद्यावधिक गरेको जानकारी र सूचनाहरू खोज्नुहोस् ।

ख) सूचना माग गर्दै निवेदन दिएर आफूलाई आवश्यक कागजात, दस्तावेज, विवरणको प्रतिलिपि वस्तुहरूको नमुना सङ्कलन गर्नुहोस् ।

ग) सूचनाको हकसम्बन्धी ऐनको प्रयोग जहाँ- जतिबेला पनि हुनसक्छ र त्यसले तपाईंलाई अन्यायबाट बचाउँछ, तसर्थ यसबारे सचेत हुनुहोस् ।

घ) तपाईंको गाउँ टोलमा भइरहेको विकास निर्माणको हिसाब खोज्ने हक छ, त्यो तपाईंको पैसा हो । हिसाब खोज्नुहोस् ।

ङ) तपाईंको सम्पत्ति, स्वास्थ्य, शिक्षा र अन्य व्यक्तिगत सरोकारका विवरण वा तत्सम्बन्धी फाइल राख्ने निकायसँग तपाईंलाई आवश्यक पर्दा ती कागजातको प्रतिलिपि पाउने हक छ । माग गर्नुहोस् ।

च) राज्यले प्रदान गर्ने विभिन्न सेवा सुविधा, भत्ता, औषधि तथा यस्तै कुराहरू समयमा पाउने तपाईंको हक हो, यसबाट वञ्चित हुनुहुन्छ भने किन वञ्चित गराइयो भनेर जवाफ खोज्नुहोस् ।

छ) काम कारबाहीमा ढिलासुस्ती भएको छ, अड्डाअदालतमा तपाईंको फाइल अड्किएको छ भने सूचनाको हक प्रयोग गरी त्यसो हुनुको कारण सोध्नुहोस् ।

ज) तपाईं विद्यार्थी हुनुहुन्छ, परीक्षाको रिजल्ट चित्त बुझ्ेन भने उत्तरपुस्तिकाको प्रतिलिपि माग गर्नुहोस् ।

झ) तपाईं कुनै निकायको कर्मचारी हुनुहुन्छ, त्यहाँ तपाईंभन्दा ठूलाबडाले अनियमित काम गरे, भ्रष्टाचार गरे वा गर्न खोजे, कानुनविपरीत काम गरे भने त्यस्तो गलत क्रियाकलापको खुलासा गर्नुहोस् । सूचनाको हकसम्बन्धी कानुनले तपाईंको संरक्षण गर्छ । यदि तपाईंलाई पूर्वाग्रह राखी कारबाही गरियो भने सूचनादाताको संरक्षणका लागि राष्ट्रिय सूचना आयोगमा उजुरी गर्नुहोस् ।

**सूचना/जानकारी द्रुत गतिले संसारको सबैभन्दा बहुमूल्य साधन बन्दैछ । सूचनाले सम्पत्तिको सिर्जना गर्दैछ । यस अगाडि भूमि, खानी, श्रम र पुँजी सम्पन्नताका आधार थिए भने अब सूचनाले त्यो ठाउँ लिँदैछ । सूचनाको निर्वाध प्रवाहलाई रोक्न खोज्ने देशहरूले आफैँलाई अविकास र अन्धकारतर्फ धकेल्दैछन् ।**

- एडवार्ड कोर्निस/भविष्यविद्

**सबै स्वतन्त्रतालाई जाँच्ने आधार नै सूचनाको हक हो । यो मानिसको मौलिक अधिकार हो ।**

- संयुक्त राष्ट्रसंघ, १९४६ को प्रस्ताव नं.

**सबै नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि सूचना माग्ने र पाउने अधिकार हुनेछ ।**

- धारा २७, नेपालको अन्तरिम संविधान २०६३

# सूचनाको हकको प्रयोगकर्ताले ध्यान दिनुपर्ने कुराहरू

## १. सूचना माग गर्न निवेदन लेख्नु अघि

सूचनाको हकसम्बन्धी ऐन २०६४ ले सूचना माग्ने र पाउने अधिकारका सम्बन्धमा प्रस्ट कानुनी व्यवस्था गरेको छ। सूचनाको हक माग गर्नुअघि सूचनाको हकसम्बन्धी कानुनी व्यवस्थाबारे सामान्य जानकारी हुनु राम्रो हुन्छ। त्यसैगरी सूचना माग्ने वा पाउने प्रक्रिया सूचनाको हकसम्बन्धी नियमावली २०६५ ले व्यवस्था गरेको छ। सूचना माग गर्नुअघि सो नियमावलीले निर्धारण गरेका विधिहरूलाई पनि ख्याल गर्नुपर्छ। त्यसैले यो पुस्तिकाको पछिल्लो भागमा संलग्न गरिएको ऐन र नियम सरसर्ती पढ्नुहोस् । तपाईं सूचनाको अकको अभियान्ता हुनुहुन्छ भने सूचनाको हकसम्बन्धी ऐन र नियमावलीको प्रति (वा यो पुस्तिका) तपाईंको साथैमा भए राम्रो । त्यसबाहेक सूचना माग गर्नुअघि तपाईंले निम्न कुराहरूमा ध्यान दिनुपर्छ

- तपाई सूचना माग गर्न जान लाग्नुभएको कार्यालयको बारेमा जानकारी लिनहोस्।
- तपाई सूचना पाएपछि सो सूचना के गर्नहुन्छ, त्यसबारे पहिले नै सोच बनाउनुहोस् ।
- सो कार्यालयको मुखपत्र, वेबसाइट वा नोटिस बोर्डमा कुन-कुन सूचना जानकारीका लागि राखिएको रहेछ हुर्नुहोस्/अध्ययन गर्नुहोस् ।
- तपाईंले कुन विषयको सूचना चाहिएको हो ? त्यस्तो सूचना कुन निकाय वा संस्थासँग सम्बन्धित छ ? त्यस्ता निकायले आफ्ना प्रकाशन वा वेबसाइटमार्फत पहिले नै तपाईंले खोजेको सूचना सार्वजनिक गरिसकेका पो छन् कि ? लगायतका विषयमा तपाईं स्पष्ट हुनुहोस् ।
- पहिले नै सार्वजनिक भइसकेका सूचना हुन् भने सूचनाको हकसम्बन्धी ऐनबमोजिम निवेदन नदिइकनै पनि तपाईंले त्यस्तो सूचना पाउन सक्नुहुन्छ। तर, पहिले सार्वजनिक भएको तर वर्तमानमा तपाईंले पाउन नसक्नु भएको वा वेबसाइटमा पनि नभएको र त्यस्ता सार्वजनिक निकायले सामानय रूपमा उपलब्ध पनि नगराएको अवस्था हो भने तपाईंले सूचनाको हकसम्बन्धी ऐनबमोजिम दिन सक्नुहुन्छ।

## २. सूचना मागको निवेदन लेख्दा

- आफूले के-के सूचना खोजेको हो त्यसलाई लिपिबद्ध गर्नुहोस् ।
- त्यसलाई पढ्नुहोस् । पढ्दा तपाईंलाईं स्पष्ट भएजस्तो लागेन भने सम्झनुहोस् त्यो कुरा सम्बन्धित निकायका सूचना अधिकारीले पनि नबुझ्न सक्छन् । त्यसैले तपाईंले के सूचना माग गर्नुभएको हो भन्ने कुरा सूचना अधिकारीले सजिलै र स्पष्टसँग बुझ्न सक्ने बनाउनुहोस् ।

- तपाईंले एकभन्दा बढी सूचना माग गर्न लाग्नु भएको हो भने हरेक सूचनाका लागि छुट्टाछुट्टै बुँदा बनाउनुहोस् । एउटा अनुच्छेदमा गोलमटोल सबै कुरा नराख्नुहोस् ।
- तपाईंले सूचनाको हकसम्बन्धी निवेदन लेख्दा सम्बन्धीत निकायको सूचना अधिकारीलाई सम्बोधन गर्नुपर्छ । सूचना पाउँ भन्ने विषय र मिति पनि लेख्नुहोस् । त्यसमा तपाईंले आफ्नो अध्ययन, अनुसन्धान वा व्यक्तिगत प्रयोजन केका लागि सूचना माग्न खोजेको हो त्यो कुरा उल्लेख गरी सूचनाको हकसम्बन्धी ऐन २०६४ बमोजिम निम्न सूचना पाउँ भन्ने बेहोराको एउटा वाक्यमात्र लेख्नुहोस् । अनेक बयान नगरी त्यस लगत्तै अघि तयार गरिएका बुँदा राख्नुहोस् ।
- त्यसपछि आफ्नो नाम र सम्पर्क ठेगाना राखेर निवेदकको हस्ताक्षर गरेपछि निवेदन तयार हुन्छ ।
- यो प्रक्रियामा तपाईलाई सहयोग चाहिएका फ्रिडम फोरमको सूचनाको हक सहायता केन्द्रमा सम्पर्क गर्न सक्नुहुन्छ ।
- निवेदको नमुना हेर्नुहोस् (पृष्ठ नं १७)

## ३. निवेदन दर्ता गराउने अवस्था

- सूचनाको हकको निवेदन दुईप्रति बनाउनुहोस्, एकप्रति सम्बन्धित निकायको सूचना अधिकारीसमक्ष वा दर्ता शाखामा लगेर दर्ता गराउनुपर्छ र अर्को प्रतिमा दर्तानम्बर र सम्बन्धित निकायको छाप लगाउन लगाएर आफैं राख्नुपर्छ ।
- सूचनाको हकको निवेदन सम्बन्धित सार्वजनिक निकायमा दर्ता गर्नुपर्छ । सम्भव भएसम्म तपाईं स्वयं निवेदन लिएर सम्बन्धित कार्यालयमा जानु राम्रो हुन्छ ।
- आफ्नो तर्फबाट तपाईंका सहयोगीमार्फत पनि निवेदन दर्ता गराउन सकिन्छ । अन्यथा हुलाकबाट रजिष्टर्ड गरेर पनि सूचना मागको निवेदन गर्न सक्नुहुन्छ तर सकेसम्म हुलाकमार्फत भन्दा सम्बन्धित कार्यालय गएर निवेदन दर्ता गर्नु उपयुक्त हुन्छ ।
- निवेदनको बोधार्थ राष्ट्रिय सूचना आयोगलाई पनि दिन सक्नुहुन्छ तर दिनैपर्छ भन्नेचाहिँ होइन ।
- तपाईं सम्बन्धित कार्यालयमा निवेदन लिएर पुग्दा सूचना अधिकारी छैनन् वा निवेदन सच्याईं प्रमुखलाई सम्बोधन गरेर फेरि ल्याउन भन्न सक्छन्, त्यसो नगर्नुहोला ।
- सजिलै सूचनाको निवेदन दर्ता गर्नुको सट्टा कार्यालय प्रमुखको तोक लगाएर आउनुभन्न सक्छन्, त्यो गर्नुपर्दैन ।
- तपाईंलाई फर्काउने अन्य प्रयास पनि हुनसक्छन् । त्यसलाई तपाईं कदापी स्वीकार

नगर्नुहोस् । सूचना अधिकारी/कार्यालय प्रमुख नभएर निवेदन दर्ता हुँदैन भने सम्बन्धित दर्ता शाखाका कर्मचारीसँग दर्ता नहुनुको कारण लखेर दिनुहोस् भनी भन्नुहोस् ।

- यदि कसैगरी पनि तपाईंको निवेदन दर्ता भएन वा कारण पनि लेखिदिन मानेनन् भने दर्ताफाँटा कर्मचारी/कार्यालय प्रमुखका सहयोगीको नाम, थर, पद र तिनले तपाईंलाई दिएको जवाफ नोट गर्नुहोस् ।
- तपाईंले सूचना दर्ता गर्न नसेको बेहोरा, दर्ता नगर्ने कर्मचारी, तीनको पद र दिनले दिएको जवाफसमेत उल्लेख गरी राष्ट्रिय सूचना आयोगसमक्ष उजुरी दिनसक्नुहुन्छ ।
- यो प्रक्रियामा केही सहयोग चाहिएमा फ्रिडम फोरमको सूचना सहायता केन्द्रमा सम्पर्क राख्नुहोस् ।

## ३. निवेदन दर्ता गर्नेदेखि पूर्ण सूचना प्राप्त नगर्दासम्मको अवस्था

- सूचनाको हकसम्बन्धी ऐनको दफा ७(२) बमोजिम तत्काल उपलब्ध गराउन सकिने सूचना भए तत्कालै र नसकिने भए १५ दिनभित्र सम्बन्धित निकायको सूचना अधिकारीले तपाईंलाई दिइसकनुपर्छ । त्यसैले निवेदन दर्ता गराएपछि त्यसमा तपाईंले फलोअप गरिरहनु वेश हुन्छ ।
- पन्ध्र दिनभित्र पनि सूचना नपाएमा वा आंशिक सूचना पाएमा वा पाएको सूचना गलत छ भन्ने तपाईलाई लागेमा सूचना नपाएको ७ दिनभित्र (पहिले सूचना माग गरेको २१ दिनभित्र) सम्बन्धित निकायको प्रमुखसमक्ष उजुरी गर्नुपर्छ । उजुरीको नमुना हेर्नुहोस् (पृष्ठ नं. १८)
- त्यसरी उजुरी गर्दा आफूले दिएको निवेदनको मिति र त्यसको दर्ता नम्बरसमेत उल्लेख गरी सूचना अधिकारीबाट सूचना नपाएकाले सूचना उपलव्ध गराईपाउँ भन्ने व्यहोरा उल्लेख गर्नुहोस् र सूचना माग गरेको निवेदको प्रतिलिपी पनि संलग्न गर्नुहोस् ।
- यदि सूचना सम्बन्धित निकायका कार्यालय प्रमुखले उजुरी दिएको ७ दिनभित्र सूचना दिएनन् वा अपूर्ण सूचना दिए वा चित्त नबुझ्दो सूचना दिए भने सूचना प्राप्त हुन नसकेको ३५ दिनभित्र राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्नुहोस् । पुनरावेदनको नमुनाका लागि नियमावली हेर्नुहोस् ।
- यदि सूचना पनि दिइएन र सूचना नदिनुको कारण पनि दिइएन भने सूचना आयोगसमक्ष उजुरी दिनुहोस् । उजुरीको नमुना हेर्नुहोस् (पृष्ठ नं.१९)
- तपाईंले मागेको सूचना सार्वजनिक निकायको प्रमुखले दिनैपर्छ । दिन नमिल्ने हो भने सो को कारण खुलाई तपाईंलाई सूचना दिन नमिल्ने बेहोराको पत्र दिनुपर्छ । सूचना पनि नदिने र दिन नमिल्ने बेहोराको पत्र पनि नदिने काम

कार्यालय प्रमुखबाट भयो भने तपाईंले सूचना आयोगलाई सबै कुराको जानकारी गराउनुपर्छ । आयोगले तपाईंलाई सघाउँछ ।

- यो प्रक्रियामा तपाईंलाई सहयोग चाहिएका फ्रिडम फोरमको सूचनाको हक सहायता केन्द्रमा सम्पर्क गर्न सक्नुहुन्छ ।

## ४. सूचना पाइसकेपछि

- सूचना लिनुअघि त्यस्तो सूचना सम्बन्धित सार्वजनिक निकायको अधिकारीले प्रमाणित गरे वा नगरेको एकिन गर्नुहोस् । याद गर्नुहोस् अप्रमाणित सूचना तपाईंले प्रमाणका रूपमा कतै प्रयोग/पेस गर्न सक्नुहुन्न ।
- सूचनाका लागि तपाईंले दस्तुतर तिर्नपर्ने पनि हुनसक्छ । त्यस्तो अवस्थामा तपाईंलाई नचाहिएको सूचनाको पनि फोटोकपीको दस्तुर तिराइनसक्छ । राम्ररी हेरेर आफूले मागेको सूचनाको मात्र फोटोकपीको दस्तुर तिर्नुहोस् ।
- व्यक्तिगत वा सार्वजनिक सरोकारका सूचना पाइसकेपछि तपाईंको आफ्नै र तपाईंजस्ता अन्य कयौं नागरिकको अधिकार प्राप्तिमा त्यसले सघाउँछ । सूचना भनेको प्रमाण हो । त्यसले न्याय दिलाउँछ ।
- सूचना पाइसकेपछि तपाईंले त्यस्ता सूचना अध्ययन, अनुसन्धान, सामाजिक जवाफदेहिताको प्रवर्द्धनका लागि र तत्थ्यमा आधारित ओकालत गर्नमा प्रयोग गर्नसक्नुहुन्छ । सामाजिक सञ्जालहरू त्यसका सहयोगी बन्नसक्छन् ।
- तपाईं पत्रकार हुनुहुन्छ भने तपाईंसँग भएका सूचना अनुसन्धानमूलक रिपोर्ट, फिचर र समाचार बन्न सक्छन् ।
- तपाईंले मागेको सूचनाले त्यस्ता कार्यालयलाई पारदर्शी, जवाफदेही, उत्तरदायी बनाउनमा मद्दत पुग्छ । तपाईंले ल्याएको सूचना सामाजिक जवाफदेहीता प्रवर्द्धनका लागि सार्वजनिक सुनुवाइ, सामाजिक लेखापरीक्षण लगायतका क्रियाकलापका आधार बन्न सक्छन् ।
- सेवाग्राहीहरू आफ्नो हक, हित र आफूले पाउने सुविधाकाबारे सचेत र जागरुक भई सार्वजनिक निकायका अधिकारीहरूलाई स्वेच्छाचारी ढंगले काम गर्नबाट रोक्न सकिन्छ ।
- त्यसैले प्राप्त सूचना थुपारेर नराख्नुहोस् ।

**नोटः याद गर्नुहोस् तपाईंले नेपाली नागरिकको हैसियतमा मात्र सूचना माग्न र पाउन सक्नुहुन्छ । त्यसैले सूचना माग्दा तपाईं कुनै पनि संस्थाको प्रतिनिधित्व नगर्नुहोस् ।**

# सूचनाको हकसम्बन्धी केही महत्वपूर्ण शब्दको अर्थ र व्याख्या

**सूचना -** सार्वजनिक निकायमा रहेको कुनै प्रकारको अक्षर, चित्र, अडियो, भिडियो, कागजात, इलेक्ट्रोनिक डेटा, अन्य कुनै पनि स्वरूपमा रहेको अभिलेख तथा कुनै वस्तुको नमुना र कुनै सार्वजनिक स्थलको अवलोकन समेतलाई सूचना भनिन्छ ।

**सूचनाको हक -** सार्वजनिक निकायमा रहेका आफ्नो वा सार्वजनिक सरोकारका सूचनामा सहज पहुँच हुनु र सोका लागि स्पष्ट सरल प्रक्रिया कानुनद्वारा सुनिश्चित हुनु हो ।

**सार्वजनिक निकाय -** जनताले तिरेको करबाट जम्मा हुने बजेट खर्च हुने राज्यका सबै निकायहरूसँग सम्बन्धित गाउँदेखि केन्द्रसम्मका सबै कार्यालय तथा सार्वजनिक हित र सरोकारका काम गर्ने संस्थाहरू जस्तै राजनीतिक दल, गैरसरकारी संस्था, सहकारी संस्था एवम् सार्वजनिक सेवा प्रदान गर्ने निजी प्रतिष्ठानहरू समेतलाई सार्वजनिक निकाय मानिन्छ ।

**अग्रसक्रिय खुलासा -** नागरिकहरूलाई स्वतः सूचनाको हक प्रदान गर्न सार्वजनिक निकायले प्रत्येक तीन महिनामा अद्यावधिक गरी सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्ने सूचनाहरू प्रकाशन गर्नु । नेपालको कानुनी व्यवस्थाअनुसार १९ भन्दा बढी प्रकारका विभिन्न दस्तावेज, विवरण, प्रतिवेदन तथा नियमहरू यसरी जनताका लागि तीन/तीन महिनामा हरेक निकायले खुला गर्नुपर्छ । यसलाई 'प्रो एक्टिभ डिस्क्लोजर' पनि भनिन्छ । यो सूचनाको हकको एउटा प्रमुख लक्ष्य पनि हो खुला सरकारलाई यथार्थमा बदल्ने ।

**सूचना अधिकारी -** हरेक सार्वजनिक निकायमा कार्यालय प्रमुखले आफू मातहतको दोस्रो तहको कर्मचारीलाई सूचनाको हक कार्यान्वयन गर्ने जिम्मेवारी दिएर एकजना सूचना अधिकारी नियुक्त गर्नुपर्दछ । ऐनले प्रत्येक निकायमा एकजना त्यस्तो जिम्मेवारी पाएको अधिकारी रहने परिकल्पना गरेको छ । सूचना अधिकारी नतोकिएको भए सम्बन्धित निकायको प्रशासकीय जिम्मेवारी सम्हाल्ने प्रमुख नै सूचना अधिकारी मानिन्छन् ।

**कार्यालय प्रमुख -** कुनै निकायको प्रशासकीय जिम्मेवारी सम्हाल्ने उच्च व्यक्तित्व । जस्तै मन्त्रालयका सचिव, जिविसका एलडिओ आदि ।

**प्रथम अपिल निकाय -** सूचनाको हक कार्यान्वयन गर्ने सम्बन्धमा कुनै पनि निकायको सूचना अधिकारी नै जिम्मेवार हुन्छ । यदि त्यस्तो सूचना अधिकारीले सूचना नदिएमा वा नदिने निर्णय गरेमा उनीविरुद्ध पहिलो उजुरी सम्बन्धित कार्यालय वा निकायका प्रमुखसमक्ष गर्नुपर्दछ । त्यस्तो उजुरी सुन्ने दायित्व भएको कार्यालय प्रमुखलाई प्रथम अपिल (पुनरावेदन) निकाय भनिन्छ ।

**निवेदन -** सूचना प्राप्त गर्ने उद्देश्यले गरिने लिखित अनुरोध, यो अत्यन्त साधारण ढाँचामा हुन्छ । सामान्य साक्षर मानिसले पनि लेख्न सक्ने ढाँचाको हुनुपर्दछ ।

**उजुरी -** सूचना नपाएमा, सूचना पूरा वा चित्तबुझ्दो रूपमा नपाएमा, सूचनाको निवेदनबारे कुनै कारबाही हुन नसकेमा र सूचना दिन नसकिने भनी जवाफ दिएमा सूचना अधिकारीविरुद्ध कार्यालय प्रमुखसमक्ष उजुरी गर्न सकिन्छ । यसैगरी यस सम्बन्धमा कार्यालय प्रमुखविरुद्ध । राष्ट्रिय सूचना आयोगमा पनि उजुरी गर्न सकिन्छ । त्यस्ता निवेदकहरू पनि साधारण ढाँचाका हुन्छन् । त्यस्तो उजुरी लेख्न कानुन व्यवसायी नै चाहिँदैन । जोसुकैले लेख्न सक्छ ।

**पुनरावेदन -** सूचनाको हक नपाएमा पुनरावेदन सुन्ने निकाय राष्ट्रिय सूचना आयोग हो । सूचना दिन नमिल्ने गरी कार्यालय प्रमुखले निर्णय गरेमा वा माग गरेअनुसार चित्त बुझ्दो रूपमा सूचना प्राप्त नभएमा यस्तो पुनरावेदन गर्न सकिन्छ । कुनै पनि सार्वजनिक निकायका प्रमुखले निर्णय गरेको ३५ दिनभित्र यस्तो पुनरावेदन लाग्छ । पुनरावेदन दिँदा नियमावलीमा तोकिएको ढाँचाअनुसार हुनुपर्दछ ।

**सूचनादाता -** कुनै पनि सार्वजनिक कार्यालयमा कुनै अनियमितता, भ्रष्टाचार वा गैर कानुनी कार्य हुँदैछ भन्ने थाहा पाएमा त्यस्तो सूचना सार्वजनिक सञ्चारमाध्यम वा कुनै निकायलाई उपलब्ध गराउने व्यक्तिलाई सूचनादाता भनिन्छ । त्यस्तो सूचनादातालाई सूचनाको हकसम्बन्धी ऐनले संरक्षण प्रदान गर्दछ ।

**अपवाद -** सूचनाको हक सीमासहितको हक हो । सबै प्रकारका सूचनामा नागरिकको पहुँच हुँदैन तर साधारणतः सबै सूचनामा पहुँच हुने नियम हुन्छ भने केही सूचनामा पहुँच हुँदैन, त्यस्तो विषयलाई अपवाद भनिन्छ । नेपालको ऐनमा पाँच प्रकारका अपवाद छन् । यस्तो 'अपवाद' पनि प्रष्टरुपमा कानुनमा उल्लेख भएको हुनुपर्दछ ।

**सूचनाको वर्गीकरण -** सूचनाको हक प्रभावकारी प्रयोगलाई सहज बनाउन हरेक सार्वजनिक निकायले आफूसँग भएका सबै दस्तावेज, अभिलेख, फाइल, निर्णय, कागजात आदिको विवरण

अद्यावधिक राख्नुपर्दछ । त्यसो गर्दा आफ्नो कार्यालयसँग रहेका सूचनामध्ये केही सूचना अपवादको विषयभित्र पर्ने प्रकारका रहेछन् भने त्यस्ता सूचनालाई संरक्षण गरेर राख्नुपर्दछ । त्यसरी संरक्षण गरेर राख्नु अगाडि के कसरी संरक्षण गर्ने हो, कति समयका लागि संरक्षण गर्ने हो भन्ने आदि विषयको निर्क्योल गर्न सूचनाको वर्गीकरणको निर्णय गराउनुपर्छ । यस्तो निर्णय नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा रहेको सम्बन्धित सूचनाको विषयसँग सम्बन्धित मन्त्रालयका सचिव र एक विशेषज्ञ रहेको समितिले मात्र गर्न सक्छ । यसरी सूचनाको हकसम्बन्धी ऐनको दफा ३ को उपदफा ३ अन्तर्गत पाँच विषयका सूचनाहरूलाई वर्गीकरण गरी संरक्षण गर्ने व्यवस्था छ, जसलाई सूचनाको वर्गीकरण भनिन्छ ।

**व्यक्तिगत सूचना -** कुनै सार्वजनिक निकायमा कुनै सर्वसाधारण नागरिक वा व्यक्तिको स्वास्थ्य, शिक्षा, चरित्र, सम्पत्ति, परिवार आदिका बारेमा विभिन्न रेकर्ड वा जानकारी हुनसक्छ । त्यस्तो सूचनामा सम्बन्धित व्यक्तिलाई मात्र पहुँच हुनुपर्छ । सार्वजनिक पदमा रहेका वा सार्वजनिक उत्तरदायित्व बहन गर्नुपर्ने जिम्मेवारी रहेको व्यक्तिको हकमा यस्तो नहुन पनि सक्छ । तर, आम सर्वसाधारणका व्यक्तिगत सूचनामा भने अन्य पक्षले अतिक्रमण गर्न पाउँदैन । त्यस्ता व्यक्तिगत विवरण वा जानकारी सम्बन्धित व्यक्तिको सहमतिमा मात्र सार्वजनिक गर्नुपर्छ ।

**तेस्रो पक्ष -** व्यक्तिगत प्रकारका सूचना माग्न आउने पक्षलाई तेस्रो पक्ष भनिन्छ । यसैगरी सूचना राख्ने र माग्नेभन्दा अर्को पक्ष अर्थात् सम्बन्धित व्यक्तिगत सूचनासँग जोडिएको व्यक्तिलाई पनि तेस्रो पक्ष भनिन्छ । प्रायजसो सूचना खोज्ने वा माग्नेको आफ्नो सरोकार पनि नभएको र सार्वजनिक सरोकार पनि नभएको सूचनालाई तेस्रो पक्षको सूचना भनिन्छ । यस्तो सूचना पूर्णतः गोप्य हुँदैनन् तर सम्बन्धित पक्षको सहमति नहुन्जेल भने गोप्य रूपमा संरक्षित रहन्छ ।

**गोपनियता -** यो व्यक्तिको निजत्वको हक हो । कुनै पनि मानिसको शरीर सम्पत्ति र सम्बन्ध कानुनले निशेध नगरेको हदसम्म गोप्य हुन्छ । सूचनाको हक प्रयोग गर्दा यस्ता सूचनाको गोप्यता कायम हुनु आवश्यक हुन्छ । सूचनाको हक र गोपनियताको हक एक अर्काका परिपूरक हुन् । दुवै हकले एउटा सार्वभौम व्यक्तिलाई सशक्तीकरण, सुरक्षित र अन्य अधिकार उपभोग गर्न सहयोग पुऱ्याउँछन् । तसर्थ गोपनियताका नाममा सूचनाको हकलाई खुम्च्याउनु गलत हुन्छ भने सूचनाको खुलापनका नाममा गोपनियतामाथि अतिक्रमण पनि हुनुहुँदैन । सूचनाको हक आफ्नो सरोकार र सार्वजनिक सरोकारको हो भने गोपनियताको हक व्यक्तिको निजत्वको । कतिपय सार्वजनिक निकायले सार्वजनिक सरोकारको विषयलाई पनि व्यक्तिगत गोपनियताको दाबी गर्दै सूचना प्रवाहमा बाधा सिर्जना गर्ने गरेका छन् । गोपनियतासम्बन्धी ऐन नबनेको हुनाले यस्तो भएको हो ।

# सूचना माग गर्ने निवेदनको ढाँचा

श्रीमान् सूचना अधिकारीज्यू, मितिः २०६९/ /

(सूचना माग गरिएको कार्यालयको नाम)

..................................................

बिषयः सूचना पाउँ भन्ने बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा मेरो जानकारी तथा अध्ययन प्रयोजनका लागि यस कार्यालयमा रहेको तपसिलका सूचनाहरू सूचनाको हकसम्बन्धी ऐन २०६४ दफा ३, बमोजिम पाउँ भनी यो निवेदन गर्दछु । साथै सूचना प्राप्त गर्न लाग्ने दस्तुर बुझाउन तयार छु ।

तपसिल

१.
२.
३.

निवेदक

-------------

नामः-

ठेगानाः-

फो नं :

# कार्यालय प्रमुखलाई उजुरीको ढाँचा

श्रीमान् कायकारी प्रमुखज्यू,
(सूचना माग गरिएको कार्यालयको नाम) मितिः २०६९/ /

.......................................

विषय : उजुरी सम्बन्धमा ।

मैले त्यस कार्यालयमा मिति ०६८/००/०० मा मेरो जानकारी तथा अध्ययन प्रयोजनका लागि यस कार्यालयमा निवेदन दिएको थिएँ । सो निवेदनको दर्ता नम्बर........हो । मेरो सो निवेदनअनुसार अहिलेसम्म सूचना नपाएको हुँदा मलाई माग गरिएका सूचना उपलब्ध गराइदिनु हुन सूचनाको हकसम्बन्धी ऐनको दफा ९ (१) बमोजिम वा उजुरी गरेको छु ।

साथै सूचना माग गरिएको निवेदनको प्रतिलिपी यसैसाथ संलग्न गरेको अनुरोध छ । सूचनाको हकसम्बन्धी नियमावलीको नियम २३ को उपनियम १ र २ बमोजिम शीघ्र कारबाहीका लागि अनुरोध गर्दछु । सूचना दिन नमिल्ने भए सूचनाको हकसम्बन्धी ऐनको दफा ४ बमोजिम कारणसहितको जानकारी पत्र उपलब्ध गराउन हुन अनुरोध गर्दछु ।

निवेदक

-------------

नामः-

ठेगानाः-

फो नं :

इमेलः

# राष्ट्रिय सूचना आयोगसमक्ष उजुरीको ढाँचा

**श्रीमान् प्रमुख आयुक्तज्यू,**
**राष्ट्रिय सूचना आयोग** मितिः
**कोटेश्वर, काठमाडौँ ।**

**विषयः- उजुरी सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा मेरो जानकारी तथा अध्ययन प्रयोजनका लागि ................(सूचना माग गरेको कार्यालय)सँग रहेको निम्न सूचना पाउँ भनी मैले सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ३ बमोजिम मिति २०६९/००/०० मा सूचना अधिकारीसमक्ष निवेदन दिएको थिएँ । सो निवेदनमा निम्न सूचना माग गरिएको थियोः

१)

२)

३)

४)

................(सूचना माग गरेको कार्यालय)मा दिएको निवेदनको को दर्ता नं.....हो । तर,सो निवेदनअनुरुप मागिएका सूचना ................(सूचना माग गरेको कार्यालय)का सूचना अधिकारीवाट प्राप्त भएन । सूचना प्राप्त नभएपछि(सूचना माग गरेको कार्यालय)का प्रमुखसमक्ष ऐनको दफा ९ (१) बमोजिमको उजुरी ......मा दर्ता गरिएको थियो । सोको दर्ता नम्बर .....हो । सो उजुरीमा सूचना उपलब्ध गराई पाउन अनुरोधका साथै सूचनाको हकसम्बन्धी नियमावलीको नियम २३ को उप नियम १ र २ बमोजिम कारबाहीको माग गरिएको थियो । यसैगरी, सूचना दिन नमिल्ने भए ऐनको दफा ९(४) बमोजिमको कारणसहित पत्र उपलब्ध गराउन पनि अनुरोध गरिएको थियो ।

तर, सो उजुरीका सम्बन्धमा पनि ................(सूचना माग गरेको कार्यालय)का प्रमुखबाट हालसम्म पनि कुनै सुनुवाइ भएन साथै माग गरिएबमोजिम कुनै पनि सूचना पाउन सकिएन र सूचना नदिनुको कुनै कारण र निर्णयसमेत प्राप्त हुन सकेन ।............. ............ ............................................ ........................ ..................................(यहाँ सूचना मागकर्ताको सूचना प्राप्त हुन नसकेको भोगाइसम्बन्धी संक्षिप्त विवरण उल्लेख गर्ने )

यसले म सूचना मागकर्ताको सूचना पाउने मौलिक हकप्रति बेवास्ता गरेको ठानेको छु । तसर्थ ऐनको दफा ९(४) बमोजिमको सूचना दिन नमिल्ने कारणसहितको जानकारीसमेत प्राप्त नभएकाले, यस आयोगसमक्ष आवश्यक कारबाहीका लागि उजुरी गरेको छु ।

तसर्थः सूचना माग गरेको कार्यालय)को कार्यालय प्रमुख प्रत्यार्थी/विपक्षी हुने गरी यो उजुरी गरिएको छ । निज प्रत्यार्थीलाई दफा १९ को (ग), (घ) र (ङ) बमोजिम आदेश जारी गरी कानुनबमोजिमको कारबाही तथा मागिएको सूचना तत्काल उपलब्ध गराउन वा सूचना दिन नमिल्ने भए सोको कारण उपलब्ध गराउन आवश्यक आदेश गरिदिनुहुन अनुरोध छ ।

**संलग्न कागजात**

१) (सूचना माग गरेको कार्यालय)का सूचना अधिकारीलाई गरिएको निवेदन प्रतिलिपि ।
२) (सूचना माग गरेको कार्यालय)का प्रमुखलाई दिइएको उजुरीको प्रतिलिपि ।

**निवेदक**

----------------

नामः-
ठेगानाः-
फो नं.ः-
इमेलः-

**(राष्ट्रिय सूचना आयोगमा गरिने पुनरावेदनको नमुनाका लागि हेर्नुहोस्, पृष्ठः ४५)**

# सूचनाको हक सम्बन्धी ऐन - २०६४

**प्रस्तावनाः** राज्यका काम कारवाही लोकतान्त्रिक पद्दतिअनुरूप खुला र पारदर्शी बनाइ नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आमनागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

"व्यवस्थापिका-संसद्ले" यो ऐन बनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सूचनाको हकसम्बन्धी ऐन, २०६४" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिबाट तीसौं दिनमा प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "सार्वजनिक निकाय" भन्नाले देहाय बमोजिमका निकाय वा संस्था सम्झनु पर्छः-

(१) संविधानअन्तर्गतका निकाय,

(२) ऐनद्वारा स्थापित निकाय,

(३) नेपाल सरकारद्वारा गठित निकाय,

(४) कानूनद्वारा स्थापित सार्वजनिक सेवा प्रदायक सङ्गठित संस्था वा प्रतिष्ठान,

(५) प्रचलित कानुनबमोजिम दर्ता भएका राजनैतिक दल तथा संगठन,

(६) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण रहेको वा अनुदानमा सञ्चालित वा नेपाल सरकारको अनुदान प्राप्त संगठित संस्था,

(७) नेपाल सरकार वा कानुनद्वारा स्थापित निकायले कुनै सम्झौता गरी गठन गरेको सङ्गठित संस्था,

(८) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नेपाल सरकार वा विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ/संस्थाबाट रकम प्राप्त गरेर सञ्चालन भएका गैरसरकारी संघसंस्थाहरू

(९) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेका अन्य निकाय वा संस्था।

(ख) "सूचना" भन्नाले सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम, तत्सम्बन्धी कारबाही वा निर्णयसँग सम्बन्धित कुनै लिखत सामग्री वा जानकारी सम्झनुपर्छ।

(ग) "सार्वजनिक महत्व" भन्नाले सार्वजनिक सरोकारको विषय सम्झनुपर्छ।

(घ) "लिखत" भन्नाले लिपिबद्ध भएको जुनसुकै किसिमको लिखत सम्झनुपर्छ र सो शब्दले कुनै यन्त्रको माध्यमबाट संकलन वा अद्यावधिक गरिएको वा मुद्रित वा पुन प्रस्तुत गर्न सकिने श्रव्य-दृश्य सामग्री समेतलाई जनाउँछ।

(ङ) "सूचनाको हक" भन्नाले सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना माग्ने र पाउने अधिकार सम्झनुपर्छ र सो शब्दले सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम कारबाहीको अध्ययन वा अवलोकन गर्ने त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण र अवलोकन गर्ने, कुनै सामग्रीको प्रमाणित नमुना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्रमार्फत प्राप्त गर्ने अधिकार समेतलाई जनाउँछ।

(च) "सूचना अधिकारी" भन्नाले दफा ६ बमोजिम तोकिएको व्यक्ति सम्झनुपर्छ।

(छ) "प्रमुख" भन्नाले सार्वजनिक निकायको प्रमुख सम्झनुपर्छ।

(ज) "आयोग" भन्नाले दफा ११ बमोजिमको राष्ट्रिय सूचना आयोग सम्झनुपर्छ।

(झ) "प्रमुख सूचना आयुक्त" भन्नाले दफा ११ बमोजिम नियुक्त व्यक्ति सम्झनुपर्छ।

(ञ) "सूचना आयुक्त" भन्नाले दफा ११ बमोजिम नियुक्त व्यक्ति सम्झनुपर्छ।

(ट) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

## परिच्छेद- २
## सूचनाको हक र सूचना प्रवाहसम्बन्धी व्यवस्था

**३ सूचनाको हक हुने :** (१) प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधिनमा रही सूचनाको हक हुनेछ।

(२) प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक निकायमा रहेको देहायको विषयसम्बन्धी सूचना प्रवाह गरिने छैन :-

(क) नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने,

(ख) अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनामा प्रत्यक्ष असर पार्ने,

(ग) आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैङ्किङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने,

(घ) विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने,

(ङ) व्यक्तिगत गोपनियता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुऱ्याउने ।

तर त्यसरी सूचना प्रवाह नगर्नु पर्ने उचित र पर्याप्त कारण भएकोमा बाहेक यस्तो सूचना प्रवाह गर्ने दायित्वबाट सार्वजनिक निकाय पन्छिन पाउने छैन ।

(४) सार्वजनिक निकायको अभिलेखमा यस ऐनबमोजिम प्रवाह गर्न मिल्ने र नमिल्ने  सूचना भए सूचना अधिकारीले प्रवाह गर्न मिल्ने सूचना छुट्याएर निवेदकलाई उपलब्ध गराउनुपर्नेछ ।

**४. सार्वजनिक निकायको दायित्व:** (१) प्रत्येक सार्वजनिक निकायले नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्नु गराउनु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि देहायका काम गर्नु सार्वजनिक निकायको दायित्व हुनेछ:-

(क) सूचना वर्गीकरण र अद्यावधिक गरी समय समयमा सार्वजनिक, प्रकाशन तथा प्रसारण गर्ने गराउने,

(ख) सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने,

(ग) आफ्नो काम कारबाही खुला र पारदर्शी रूपमा गर्ने

(घ) आफ्नो कर्मचारीको लागि उपयुक्त तालिम र प्रशिक्षणको व्यवस्था गर्ने,

(३) सार्वजनिक निकायले उपदफा (२) को खण्ड (क) बमोजिम सूचना सार्वजनिक, प्रकाशन वा प्रशारण गर्दा विभिन्न राष्ट्रिय भाषा तथा आमसञ्चारका माध्यमबाट गर्न सक्नेछ ।

**५. सूचनाको अद्यावधिक र प्रकाशन :**

(१) सार्वजनिक निकायले आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राख्नु पर्नेछ ।

(२) सार्वजनिक निकायले सम्भव भएसम्म यो ऐन लागू हुनुभन्दा कम्तीमा २० वर्ष अघिसम्मका आफ्ना निकायसँग सम्बन्धित सूचना उपदफा (१) बमोजिम अद्यावधिक गर्नु गराउनुपर्नेछ ।

(३) सार्वजनिक निकायले सो निकायसँग सम्बन्धित देहायका सूचना सूचीकृत गरी प्रकाशन गर्नुपर्नेछ-

(क) निकायको स्वरुप र प्रकृति,

(ख) निकायको काम, कर्तव्य र अधिकार,

(ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण,

(घ) निकायबाट प्रदान गरिने सेवा,

(ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी,

(च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि,

(छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी,

(ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी,

(झ) सम्पादन गरेको कामको विवरण,

(ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद,

(ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची,

(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण,

(ड) तोकिएबमोजिमका अन्य विवरण ।

(४) सार्वजनिक निकायले उपदफा (३) बमोजिमको सूचना यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र र त्यसपछि प्रत्येक तीन महिनामा अद्यावधिक गरी प्रकाशन गर्नुपर्नेछ ।

## ६. सूचना अधिकारीको व्यवस्थाः

(१) सार्वजनिक निकायले आफ्नो कार्यालयमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनको लागि सूचना अधिकारीको व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रवाह गर्ने प्रयोजनका लागि प्रमुखले आफ्नो कार्यालयमा रहेको सूचना नियमित रूपमा सूचना अधिकारीलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) सार्वजनिक निकायले सूचना प्रवाह गर्ने प्रयोजनको निम्ति आवश्यकतानुसार सूचना शाखाको व्यवस्था गर्न सक्नेछ ।

## ७. सूचना प्राप्त गर्ने कार्यविधिः

(१) यस ऐनबमोजिम कुनै सूचना प्राप्त गर्न चाहने नेपाली नागरिकले त्यस्तो सूचना प्राप्त गर्नुपर्ने कारण खुलाई सम्बन्धित सूचना अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले १५ दिनभित्र निवेदकलाई सूचना उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम तत्काल सूचना उपलब्ध गराउन नसकिने भएमा सूचना अधिकारीले सोको कारणसहितको जानकारी तुरुन्त निवेदकलाई गराउनु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचना अधिकारीले कुनै व्यक्तिको जीउ ज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरेको रहेछ भने त्यस्तो सूचना माग गरेको चौबीस घण्टाभित्र निवेदकलाई उपलब्ध गराउनु पर्नेछ ।

(५) सूचना अधिकारीले निवदेकद्वारा माग भएको सूचना सम्भव भएसम्म माग भएको स्वरूपमा नै उपलब्ध गराउनु पर्नेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवेदकले माग गरेको स्वरूपमा सूचना उपलब्ध गराउँदा सूचनाको स्रोत बिग्रने, भत्कने वा नष्ट हुने सम्भावना भएमा सूचना अधिकारीले सोको कारण खोली उपयुक्त स्वरूपमा निवेदकलाई सूचना उपलब्ध गराउन सक्नेछ ।

(७) कुनै व्यक्तिले उपदफा (१) बमोजिम कुनै लिखत, सामग्री वा काम कारबाहीको अध्ययन वा अवलोकन गर्नको लागि निवेदन दिएको भए सूचना अधिकारीले निवेदकलाई त्यस्तो लिखत, सामग्री वा काम कारबाहीको अध्ययन वा अवलोकनको निमित्त मुनासिव समय उपलब्ध गराउनेछ ।

(८) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा निवेदकले माग गरेको सूचना आफ्नो निकायसँग सम्बन्धित नदेखिएमा सूचना अधिकारीले सो कुराको जानकारी तुरुन्त निवेदकलाई दिनुपर्नेछ ।

## ८. सूचनाबापत लाग्ने दस्तुर:

(१) दफा (७) बमोजिम सूचना माग गर्दा निवेदकले तोकिएबमोजिमको दस्तुर सम्बन्धित निकायमा बुझाउनु पर्नेछ ।

तर कुनै सूचनाको सन्र्दभमा प्रचलित कानुनमा छुट्टै दस्तुरको व्यवस्था रहेकोमा सोहीबमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम दस्तुर तोक्दा सूचना उपलब्ध गराउँदा लाग्ने वास्तविक लागतको आधारमा तोकिनेछ ।

(३) उपदफा (२) बमोजिम तोकिएको दस्तुर लागतभन्दा बढी भएको लागेमा सम्बन्धित व्यक्तिले आयोगसमक्ष उजुरी दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको उजुरी जाँचबुझ गर्दा उपदफा (२) विपरीत दस्तुर तोकेको देखिएमा आयोगले त्यस्तो दस्तुर पुनरावलोकन गर्न आदेश दिन सक्नेछ ।

## ९. उजुरी दिन सक्ने :

(१) सूचना अधिकारीले सूचना उपलब्ध नगराएमा, सूचना दिन अस्वीकार गरेमा, आंशिक रूपमा सूचना उपलब्ध गराएमा वा गलत सूचना दिएमा वा सरोकारवाला होइन भनी सूचना नदिएमा सम्बन्धित व्यक्तिले त्यसरी सूचना नपाएको वा आंशिक रूपमा सूचना पाएको मितिले ७ दिनभित्र प्रमुखसमक्ष उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त उजुरी जाँचबुझ गर्दा सूचना नदिएको वा आंशिक रूपमा सूचना दिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले निवदेकद्वारा माग भएबोमिजमको सूचना उपलब्ध गराउन सूचना अधिकारीलाई आदेश दिनेछ र त्यसरी आदेश भएमा सूचना अधिकारीले सम्बन्धित निवेदकलाई सूचना उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा सूचना अधिकारीले जानीजानी वा बदनियतपूर्वक सूचना नदिएको, सूचना दिन अस्वीकार गरेको वा आंशिक रूपमा सूचना दिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले त्यस्तो सूचना अधिकारीलाई प्रचलित कानुनबमोजिम विभागीय कारबाही गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा सूचना दिन नमिल्ने देखिएमा प्रमुखले सोही बेहोराको निर्णय गरी सोको कारण सहितको जानकारी निवेदकलाई दिनुपर्नेछ ।

## १०. पुनरावेदन दिन सक्ने :

(१) दफा (९) को उपदफा (४) बमोजिम प्रमुखले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले ३५ दिनभित्र आयोगसमक्ष पुनरावेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको पुनरावेदनको कारबाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफूसमक्ष उपस्थित गराई बयान गराउन, कुनै लिखत पेस गर्न लगाउन, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पुनरावेदनको कारबाही र किनारा गर्दा आयोगले देहायबमोजिम गर्न सक्नेछ :-

(क) पुनरावेदनको बेहोरा मुनासिब देखिएमा समयावधि तोकी पुनरावेदकलाई विनाशुल्क सूचना उपलब्ध गराउनु भनी सम्बन्धित प्रमुखको नाममा आदेश गर्न,

(ख) पुनरावेदन निरर्थक देखिएमा पुनरावेदन खारेज गर्न ।

(४) आयोगले पुनरावेदन परेको ६० दिनभित्र सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारबाही गरी अन्तिम निर्णय गर्नुपर्नेछ ।

(५) आयोगले यस दफाबमोजिम पुनरावेदनको कारबाही गर्दा अपनाउनु पर्ने अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ ।

# परिच्छेद - ३
# आयोगसम्बन्धी व्यवस्था

**११. आयोगसम्बन्धी व्यवस्थाः**

(१) सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्ने कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहनेछ ।

(२) आयोगका प्रमुख सूचना आयुक्त र अन्य दुई जना सूचना आयुक्तहरु रहनेछन् ।

(३) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदको नियुक्तिको लागि सिफारिस गर्न देहायबमोजिमको एक समिति रहनेछ :-

(क) सभामुख - अध्यक्ष

(ख) सूचना तथा सञ्चारमन्त्री वा राज्यमन्त्री - सदस्य

(ग) सभापति, नेपाल पत्रकार महासंघ - सदस्य

(४) उपदफा (३) बमोजिमको समितिको सिफारिसमा नेपाल सरकारले प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको नियुक्ति गर्नेछ र त्यसरी नियुक्ति गर्दा कम्तीमा एक जना महिला समावेश हुने गरी नियुक्ति गर्नुपर्नेछ ।

(५) उपदफा (३) बमोजिमको समितिले प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदमा नियुक्तिका लागि सिफारिस गर्दा सम्भव भएसम्म समावेशी सिद्धान्तको अनुशरण गर्नेछ ।

(६) उपदफा (३) बमोजिम नियुक्तिको सिफारिस गर्दा अपनाउने कार्यविधि सिफरिस समिति आफैंले निर्धारिण गरेबमोजिम हुनेछ ।

**१२. योग्यताः** प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदमा नियुक्ति हुन देहायबमोजिमको योग्यता पुगेको हुनुपर्नेछ :-

(क) नेपाली नागरिक,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोपाधि हासिल गरेको, र

(ग) आमसञ्चार, कानुन न्याय, सार्वजनिक प्रशासन, सूचना प्रविधि वा व्यवस्थापनको क्षेत्रमा कम्तिमा १५ वर्षको अनुभव हासिल गरेका,

**१३. अयोग्यता:** देहायको व्यक्ति प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदमा नियुक्त हुन अयोग्य हुनेछ :-

(क) दफा १२ बमोजिमको योग्यता नभएको,

(ख) नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट दोषी ठहरी सजाय पाएको,

(ग) सरकारी वा सार्वजनिक संस्थाको बहालवाला कर्मचारी,

(घ) कुनै राजनैतिक पदमा बहाल रहेको, र

(ङ) प्रचलित कानुनबमोजिम नियुक्तिको लागि अयोग्य भएको ।

**१४. पदावधि:**

(१) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदावधि ५ वर्षको हुनेछ र निज सो पदमा पुन: नियुक्त हुन सक्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफामा लेखिएको पदावधिको अधीनमा रही सूचना आयुक्त प्रमुख सूचना आयुक्तको पदमा नियुक्त हुन सक्नेछ ।

(३) आयोगको प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरूको पदावधि समाप्त हुनुभन्दा एक महिना अगाडि नै दफा ११ को उपदफा (३) बमोजिमको सिफारिस समितिले नयाँ नियुक्तिको लागि सिफारिस गर्नुपर्नेछ ।

**१५. पद रिक्त हुने:** देहाएका अवस्थामा प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पद रिक्त भएको मानिनेछ :-

(क) निजको मृत्यु भएमा,

(ख) निजको उमेर ६५ वर्ष पूरा भएमा,

(ग) निजले प्रधानमन्त्रीसमक्ष राजीनामा दिएमा,

(घ) निजको पदावधि पूरा भएमा,

(ङ) निज नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट दोषी ठहरिएमा, वा

(च) निजलाई दफा १६ बमोजिम आफ्नो पदबाट हटाएमा,

**१६. पदबाट हटाउन सक्ने :**

व्यवस्थापिका-संसद्को सूचना तथा सञ्चारसँग सम्बन्धित समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाइ सदस्य उपस्थित भई बसेको बैठकको दुई तिहाइ बहुमतबाट कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमान्दारी पूर्वक आफ्नो पदिय कर्तव्यको पालना नगरेको आधारमा पदमा रही रहनु उपयुक्त

छैन भनि निर्णय भएको प्रस्ताव व्यवस्थापिका-संसद्को बैठकबाट पारित भएमा त्यस्तो प्रमुख सूचना आयुक्त वा सूचना आयुक्त पदबाट हट्नेछ ।

तर त्यस्तो आरोप लागेको प्रमख सूचना आयुक्त वा सूचना आयुक्तलाई आफ्नो सफाइ पेस गर्न मुनासिब माफीको मौकाबाट वञ्चित गरिने छैन ।

**१७. सेवा शर्तसम्बन्धी व्यवस्था:** प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पारिश्रमिक, सेवा शर्त र सुविधासम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**१८. शपथ:** आफ्नो कार्यभार समाल्नु अघि प्रमुख सूचना आयुक्तले प्रधानमन्त्री र सूचना आयुक्तले प्रमुख सूचना आयुक्तसमक्ष अनुसूचीबमोजिमको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ ।

**१९. आयोगको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:-

(क) सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना सम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्रीको अध्ययन तथा अवलोकन गर्ने,

(ख) त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामग्रीसम्बन्धी सूचना सूचीकृत गरी मिलाई राख्न आदेश दिने,

(ग) नागरिकको जानकारीको लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने,

(घ) समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने,

(ङ) यस ऐनबमोजिमको दायित्व पालना गर्न गराउन सम्बन्धित पक्षलाई आदेश दिने,

(च) नेपाल सरकार तथा सूचना सञ्चारसँग सम्बन्धित विभिन्न निकायहरूलाई सूचनाको हकको संरक्षण र सम्बर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने,

(छ) सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्नका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने,

**२०. अधिकार प्रत्यायोजन:** आयोगले आफ्नो दफा ९ बमोजिम पुनरावेदनको कारबाही र किनारा गर्ने अधिकारवाहेकका अन्य काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख सूचना आयुक्त, वा सूचना आयुक्त वा कुनै निकाय वा अधिकारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालन गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

**२१. आयोगको कार्यालय :** आयोगको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र आयोगले आवश्यकताअनुसार नेपालका विभिन्न स्थानमा आफ्नो कार्यालय खोल्न सक्नेछ ।

**२२. आयोयको कर्मचारीः**

(१) आयोगमा आवश्यक संख्यामा कर्मचारीहरू रहनेछन् ।

(२) आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था

**२३. आयोगको खर्चः**

(१) आयोगको लागि आवश्यक खर्चको व्यवस्था नेपाल सरकारले गर्नेछ ।

(२) आयोगले आफूलाई आवश्यक पर्ने वित्तिय स्रोत नेपाल सरकारको पूर्वस्वीकृति लिएर अन्य क्षेत्रबाट पनि प्राप्त गर्न सक्नेछ ।

**२४. आयोगलाई सहयोग गर्नुपर्ने :** सार्वजनिक निकायले आयोगको काम कारबाहीमा सहयोग गर्नुपर्नेछ ।

**२५. वार्षिक प्रतिवेदनः**

(१) आयोगले प्रत्येक वर्ष आफूले गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन प्रधानमन्त्रीमार्फत व्वस्थापिका-संसद मा प्रस्तुत गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन आयोगले सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रुपमा प्रकाशन गर्नेछ ।

**२६. नेपाल सरकारसँग सम्पर्क :** आयोगले नेपाल सरकारसँग सम्पर्क राख्दा सूचना तथा सञ्चार मन्त्रालयमार्फत राख्नुपर्नेछ ।

# परिच्छेद-४
# सूचनाको संरक्षणसम्बन्धी व्यवस्था

## २७. सूचनाको वर्गीकरणसम्बन्धी व्यवस्था :

(१) सार्वजनिक निकायमा रहेका दफा ३ को उपदफा (३) सँग सम्बन्धित सूचनाको संरक्षण गर्नका लागि नीतिगत रूपमा सूचनाको वर्गीकरण गर्न देहायबमोजिमको एक समिति रहनेछ :

(क) नेपाल सरकारको मुख्य सचिवः- अध्यक्ष

(ख) सम्बन्धित मन्त्रालयका सचिव :- सदस्य

(ग) कार्यालय प्रमुख वा अध्यक्षले तोकेको सम्बन्धित विषयको विशेषज्ञः- सदस्य

(२) उपदफा (१) अन्तर्गतको समितिले सूचनाको वर्गीकरण गर्ने प्रयोजनका लागि दफा ३ को उपदफा (३) सँग सम्बन्धित सूचना कति वर्षसम्म गोप्य राख्नुपर्ने हो सोको अवधि र संरक्षण गर्ने तरिका समेतका बारेमा निश्चित मापदण्ड निर्धारण गरी सोको जानकारी आयोगलाई दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम समितिले गरेको वर्गीकरणमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सूचना सार्वजनिक हुनुपर्ने भनी आयोगमा पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम परेको निवेदनउपर आयोगले पुनरावलोकन गर्दा सो सूचना गोप्य राख्नु पर्ने नदेखिएमा सार्वजनिक गर्न आदेश दिनेछ।

(५) को उपदफा (२) वमोजिम वर्गीकरण गरिएको सूचना त्यस्तो सूचनाको प्रकृतिअनुसार बढीमा ३० वर्षको अवधिसम्म गोप्य राख्न सकिनेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यसरी गोप्य राख्नुपर्ने सूचना गोप्य राखी राख्नुपर्ने वा नपर्ने सम्बन्धमा समितिले प्रत्येक १० वर्षमा पुनरावलोकन गर्नेछ।

(७) उपदफा (६) बमोजिम पुनरावलोकन गर्दा त्यस्तो सूचना थप अवधिसम्मका लागि गोप्य राखिराख्नु पर्ने भएमा त्यसरी गोप्य रहनुपर्ने अवधि खुलाइ सो अवधिसम्म गोप्य राख्ने गरी र गोप्य राख्नु नपर्ने भएमा गोप्य राख्नु नपर्ने गरी वर्गीकरण गर्न सक्नेछ।

## २८. सूचनाको संरक्षणः

(१) सार्वजनिक निकायले आफूसमक्ष रहेका व्यक्तिगत प्रकृतिका सूचनाहरू अनधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गरी राख्नुपर्नेछ।

(२) सार्वजनिक निकायमा रहेका व्यक्तिगत सूचनाहरू देहायको अवस्थामा बाहेक

सम्बन्धित व्यक्तिको लिखित सहमतिबिना प्रयोग गर्न हुँदैन :-
(क) कुनै व्यक्तिको जीवन वा सर्वसाधारणको स्वास्थ्य वा सुरक्षामा रहेको गम्भीर खतरा निवारण गर्ने सम्बन्धमा,
(ख) प्रचलित कानुनबमोजिम प्रकट गर्नुपर्ने विषय भएमा,
(ग) भ्रष्टाचारको नियन्त्रण गर्ने सम्बन्धमा,

## २९.सूचनादाताको संरक्षण :

(१) सार्वजनिक निकायमा भएको वा भइरहेको वा हुन सक्ने भ्रष्टाचार, अनियमितता, प्रचलित कानुनबमोजिम अपराध मानिने कुनै कार्यको सूचना दिनु सम्बन्धित सार्वजनिक निकायका कर्मचारीको दायित्व हुनेछ ।
(२) उपदफा (१) वमोजिम सूचना दिने सूचनादाताको पहिचान गोप्य राख्नु सूचना प्राप्तकर्ताको कर्तव्य हुनेछ ।
(३) उपदफा (१) बमोजिम सूचना दिएको कारणले त्यस्तो सूचनादातालाई पदबाट मुक्त गर्न वा कुनै किसिमको कानुनी दायित्व वहन गराउने गरी सजाय गरिने वा हानिनोक्सानी पुऱ्याउन पाइने छैन ।
(४) उपदफा (३) विपरीत हुनेगरी सूचनादातालाई सजाय गरेमा वा हानि-नोक्सानी पुऱ्याएमा सूचनादाताले सो निर्णय बदर गराउन क्षतिपूर्तिको मागसहितको उजुरी आयोगमा गर्न सक्नेछ ।
(५) आयोगले उपदफा (४) वमोजिम परेको उजुरीमा जाँचबुझ गर्दा सूचनादातालाई पदमुक्त गरेको भए त्यस्तो निर्णय बदर गर्न र सूचनादातालाई कुनै नोक्सानी पुगेको रहेछ भने क्षतिपूर्ति भराउनसमेत आदेश दिनसक्नेछ ।

## ३०.व्यक्तिगत सूचना उपलब्ध गराउने:

(१) कुनै व्यक्तिले सार्वजनिक निकायमा बहाल रहँदा सार्वजनिक पदसँग सम्बन्धित विषयको सूचना माग गरेमा त्यस्तो निकायले माग भएबमोजिम सम्बन्धित व्यक्तिलाई सूचना उपलब्ध गराउनु पर्नेछ ।
(२) कुनै सरोकारवाला व्यक्तिले सार्वजनिक निकायमा रहेका आफूसँग सम्बन्धित विषयको सूचना माग गरेमा निजलाई सो सूचना उपलब्ध गराउनु पर्नेछ ।
(३) उपदफा (१) बमोजिम सूचना माग गर्ने प्राप्त गर्ने कार्यविधि दफा ७ मा उल्लेख भएबमोजिम हुनेछ ।
(४) उपदफा (१) बमोजिम सूचना लिँदा दफा ८ बमोजिमको दस्तुर लाग्नेछ ।

**३१. सूचनाको दुरुपयोग गर्न नहुनेः**

(१) कुनै पनि व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचना जुन प्रयोजनको लागि प्राप्त गरेको हो सोही प्रयोजनका लागि प्रयोग नगरी दुरुपयोग गर्नुहुँदैन ।

(२) उपदफा (१) विपरीत कुनै व्यक्तिले सूचनाको दुरुपयोग गरेमा सम्बन्धित सार्वजनिक निकायले सो सम्बन्धमा आयोगसमक्ष उजुरी गर्न सक्नेछ

## परिच्छेद - ५
## सजाय तथा क्षतिपूर्तिसम्बन्धी व्यवस्था

**३२ . सजाय**

(१) सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले मुनासिव कारणबिना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिक रूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई १ हजारदेखि २५ हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारी विभागीय कारबाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(२) सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले समयमा दिनुपर्ने सूचनाबिना कारण समयमा उपलव्ध नगराई ढिलाइ गरेमा जति दिन ढिलाइ गरेको हो प्रति दिन २ सय रुपैयाँको दरले निजलाई जरिवाना हुनेछ ।

(३) उपदफा (१) बमोजिम आयोगबाट विभागीय कारबाहीको लागि लेखी आएमा सार्वजनिक निकायले तीन महिनाभित्र त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई विभागीय कारबाही गरी सोको जानकारी आयोगलाई दिनुपर्नेछ ।

(४) कुनै व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचना जुन प्रयोजनको निमित्त प्राप्त गरेको हो सोही प्रयोजनका लागि प्रयोग नगरी दुरुपयोग गरेको देखिएमा आयोगले सूचनाको दुरुपयोगको गम्भीरता हेरी त्यस्तो व्यक्तिलाई ५ हजारदेखि २५ हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(५) आयोगले यस ऐनबमोजिम गरेको निर्णय वा दिएको आदेश पालना नगर्ने व्यक्तिलाई आयोगले १० हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

**३३. क्षतिपूर्तिः**

(१) सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले यस ऐनबमोजिम सूचना नदिएको, दिन इन्कार गरेको, आंशिक रूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको कारणले कुनै व्यक्तिलाई हानिनोक्सानी पर्न गएमा त्यस्तो व्यक्तिले

सूचना नपाएको, आंशिक रूपमा वा गलत सूचना पाएको वा सूचना नष्ट गरेको मितिले तीन महिनाभित्र आयोगसमक्ष क्षतिपूर्तिका लागि निवेदन दिन सक्नेछ ।
(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा मुनासिव देखिएमा आयोगले निवेदकलाई पर्न गएको वास्तविक हानिनोक्सानीलाई विचार गरी मुनासिव माफिकको क्षतिपूर्ति सम्बन्धित निकायबाट भराई दिन सक्नेछ ।

**३४. पुनरावेदनः** दफा(३२) बमोजिम आयोगले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले ३५ दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद - ६
## विविध

**३५. सूचना सच्याउन सकिनेः**
(१) सार्वजनिक निकायमा रहेको कुनै विषयको सूचना गलत छ भन्ने कुरा कुनै व्यक्तिलाई लागेमा त्यस्तो व्यक्तिले सो सूचना सच्याउनको लागि आवश्यक प्रमाणसहित सम्बन्धित प्रमुखसमक्ष निवेदन दिन सक्नेछ ।
(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा प्रमुखले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा आफ्नो निकायमा रहेको सूचना गलत भएको देखिएमा निवेदन परेको सात दिनभित्र त्यस्तो सूचना सच्याइ सोको जानकारी निवेदकलाई दिनुपर्नेछ ।

**३६. असल नियतले गरेको कामको बचाउ :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख वा सूचना अधिकारीले सूचना प्रवाह गर्ने सम्बन्धमा असल नियतले गरेको काम कारबाहीको सम्बन्धमा निजउपर कुनै प्रकारको मुद्दा चलाइने र निजलाई कुनै सजाय गरिने छैन ।

**३७. यसै ऐनबमोजिम हुने :** यस ऐनमा लेखिए जति कुरामा यसै ऐनबमोजिम र अन्यमा प्रचलित कानुनबमोजिम हुनेछ ।

**३८. नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आयोगसँग परामर्श गरी आवश्यक नियम बनाउन सक्नेछ ।

# अनुसूची

## (दफा १८ सँग सम्बन्धित)

### शपथ

म.................................मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु /ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीयसत्ता र सार्वभौमसत्ता नेपाली जनतामा मात्र निहित रहनुपर्ने भनी जनताद्वारा जनआन्दोलनमार्फत अभिव्यक्त भावनालाई उच्च सम्मान गर्दै मुलुकको संविधान र कानुनप्रति निष्ठावान् रही आफूले ग्रहण गरेको प्रमुख सूचना आयुक्त/सूचना आयुक्त पदको जिम्मेवारी र कर्तव्य कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी नागरिकको सुसुचित हुने हकको सम्मान गर्दै सूचनाको हकसम्बन्धी कानुनको प्रभावकारी प्रचलन र कार्यान्वयन गर्न क्रियाशील रहनेछु ।

मिति :- हस्ताक्षर

# सूचनाको हकसम्बन्धी नियमावली, २०६५

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यी नियमहरूको नाम "सूचनाको हकसम्बन्धी नियमावली,२०६५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क)"ऐन" भन्नाले सूचनाको हकसम्बन्धी ऐन, २०६४ सम्झनुपर्छ ।

(ख)"सचिव" भन्नाले नियम २० बमोजिम तोकिएको आयोगको सचिव सम्झनुपर्छ ।

**३. सूचना प्रकाशन गर्नुपर्नेः** सार्वजनिक निकायले ऐनको दफा ५ को उपदफा (३) मा लेखिएको अतिरिक्त देहायका सूचनासमेत सूचीकृत गरी प्रकाशन गर्नुपर्नेछ :-

(क) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण,

(ख) सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण,

(ग) सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण ।

**४. सूचनाबापत लाग्ने दस्तुरः** (१) निवेदकले ऐनको दफा ७ बमोजिम सूचना माग गर्दा बुझाउनु पर्ने दस्तुरको सम्बन्धमा प्रचलित कानुनमा छुट्टै व्यवस्था गरेकामा सोही बमोजिमको दस्तुर र त्यस्तो दस्तुरको व्यवस्था नगरेकामा देहायबमोजिमको दस्तुर सम्बन्धित सार्वजनिक निकायसमक्ष बुझाउनु पर्नेछ :-

(क) सामान्य आकारको (८ दशमलब ३ इन्च चौडाइ र ११ दशमलब ७ इन्च लम्बाइसम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रतिपृष्ठ ५ रुपैयाँ,

(ख) खण्ड (क) मा उल्लेख भएभन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रतिपृष्ठ १० रुपैयाँ,

(ग) डिस्केट, सीडी र अन्य यस्तै प्रकारका विद्युतीय माध्यमद्वारा प्रदान गरिने सूचनाको लागि प्रतिडिस्केट, सीडीबापत ५० रुपैयाँ,

(घ) सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम कारबाहीको अध्ययन वा अवलोकन वा सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन आधा घण्टाभन्दा बढी समय गर्ने भएमा प्रतिघण्टा प्रतिव्यक्ति ५० रुपैयाँ ।

तर सार्वजनिक पुस्तकालय र सार्वजनिक रूपमा निःशुल्क उपलब्ध गराइएको स्थानको अवलोकनबापत दस्तुर लाग्ने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामान्य आकारको (८ दशमलब ३ इन्च चौडाइ र ११ दशमलव २ इन्च लम्बाइसम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको ५ पृष्ठसम्मको सूचना सम्बन्धित सार्वजनिक निकायले निःशुल्क उपलब्ध गराउनु पर्नेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सूचना तयार गर्दा सो उपनियममा लेखिएभन्दा बढी खर्च लाग्ने भएमा सार्वजनिक निकायले वास्तविक लागतको आधारमा दस्तुर निर्धारण गर्न सक्नेछ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक निकायले सूचना दिँदा लिने दस्तुरबापतको रकम नगदै लिने वा कुनै खास बैंकमा जम्मा गरी सोको भौचर पेस गर्न लगाउन वा सो रकमबराबरको टिकट निवेदनमा टाँस गर्न लगाउन सक्नेछ ।

(५) यस नियममा लेखिएको सूचनाबापतको दस्तुर प्रत्येक दुई वर्षमा पुनरावलोकन गरी अद्यावधिक गरिनेछ ।

## ५. पुनरावेदन दर्ता:

(१) ऐनको दफा १० को उपदफा (१) बमोजिम पुनरावेदन दिने व्यक्तिले अनुसूचीबमोजिमको ढाँचामा आयोग समक्ष पुनरावेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम पुनरावेदन गर्दा सम्बन्धित व्यक्तिले चाहेमा आफैं उपस्थित भई वा सम्बन्धित सार्वजनिक निकाय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा कुनै हुलाकमार्फत पुनरावेदन दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम कुनै व्यक्तिले सार्वजनिक निकाय वा जिल्ला प्रशासन कार्यालयमार्फत पुनरावेदन दिएकामा त्यस्तो कार्यालयले पुनरावेदन दिने व्यक्तिलाई बुझेको भर्पाइ दिई सो पुनरावेदन ३ दिनभित्र आयोगमा पठाई दिनुपर्नेछ ।

(४) उपनियम (१) वा (२) बमोजिम प्राप्त भएको पुनरावेदन जाँचबुझ गर्दा ऐनको म्यादभित्र परेको देखिएमा सचिवले त्यस्तो पुनरावेदन दर्ता गर्नुपर्नेछ।

५उपनियम (४) बमोजिम जाँचबुझ गर्दा प्राप्त पुनरावेदन ऐनको म्याद नाघी बुझाएको देखिएमा सचिवले सोही बेहोरा जनाइ पुनरावेदन दरपीठ गर्नुपर्नेछ।

**६. पुनरावेदनको कारबाही र निर्णयः**

(१) आयोगले पुनरावेदनको कारबाही र किनारा गर्दा पुनरावेदकको माग दाबी, सम्बन्धित प्रमुखको जवाफ तथा प्राप्त सबुद प्रमाणको मूल्याङ्कनको आधारमा गर्नुपर्नेछ।

(२) आयोगसमक्ष पुनरावेदन प्राप्त भएको मितिले ६० दिनभित्र आयोगले पुनरावेदनको किनारा गर्नुपर्नेछ।

(३) आयोगले पुनरावेदकको मागबमोजिम सम्बन्धित प्रमुखको नाममा आदेश जारी गर्ने वा पुनरावेदन खारेज गर्ने आदेश गर्दा आधार र कारण खुलाउनु पर्नेछ।

**७. कार्यविधि निर्धारण गर्न सक्ने**ः (१) आयोगले पुनरावेदनको कारबाही र किनारा गर्ने सिलसिलामा सम्बन्धित प्रमुख, सूचना अधिकारी वा अन्य सम्बद्ध व्यक्तिलाई बयानको लागि आयोगसमक्ष उपस्थित गराउन वा सम्बद्ध व्यक्तिबाट लिखत वा सबुद प्रमाण पेस गर्न लगाउने सम्बन्धमा आवश्यक कार्यविधि निर्धारण गर्न सक्नेछ।
(२) उपनियम (१) बमोजिमको कार्यविधि आयोगले सार्वजनिक गर्नुपर्नेछ।

**८. आयोगको काम कारबाहीः** ऐन तथा यस नियमावलीमा अन्यथा उल्लेख भएकामा बाहेक आयोगको तर्फबाट गरिने सम्पूर्ण काम कारबाही आयोगको बैठकबाट निर्णय भएबमोजिम हुनेछ।

**९. आयोगको बैठक र निर्णयः** (१) आयोगको बैठक आवश्यकताअनुसार बस्नेछ।
(२) प्रमुख सूचना आयुक्तको निर्देशनमा सचिवले आयोगको बैठकको मिति, समय र छलफलको विषय सूची सूचना आयुक्तलाई उपलब्ध गराउनेछ।
(३) प्रमुख सूचना आयुक्त र कम्तीमा एक जना सूचना आयुक्त वा दुई जना सूचना आयुक्त उपस्थित भएमा आयोगको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ। यसरी बसेको बैठकमा कुनै निर्णयउपर राय बाझिएमा अनुपस्थित प्रमुख सूचना आयुक्त वा सूचना आयुक्तसमेत उपस्थित भएको अर्को बैठकमा पुनः पेस गर्नुपर्नेछ।

(४) आयोगको बैठकको अध्यक्षता प्रमुख सूचना आयुक्तले गर्नेछ । प्रमुख सूचना आयुक्तको अनुपस्थितिमा उपस्थित सूचना आयुक्तहरूमध्ये बरिष्ठ सूचना आयुक्तले बैठकको अध्यक्षता गर्नेछ र त्यसरी बैठकको अध्यक्षता गर्ने सूचना आयुक्तले प्रमुख सूचना आयुक्तको अधिकार प्रयोग गर्न सक्नेछ ।

(५) बहुमत सूचना आयुक्तहरूको राय आयोगको निर्णय मानिनेछ ।

(६) आयोगको निर्णय सचिवले प्रमाणित गरी राख्नेछ ।

(७) आयोगको बैठकसम्बन्धी अन्य कार्यविधि आयोग आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

**१०. पारिश्रमिकः** (१) प्रमुख सूचना आयुक्त तथा सूचना आयुक्तको पारिश्रमिक क्रमशः २४ हजार ३ सय रुपैयाँ र २२ हजार ८ सय रुपैयाँ हुनेछ ।

तर, यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली जारी हुँदाका बखत प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले खाइपाइ आएको मासिक पारिश्रमिक नै उपलब्ध गराइनेछ ।

**११. आवास, बिजुली, धारा र टेलिफोन सुविधाः** (१) काठमाडौं उपत्यकाभित्र आफ्नो वा आफ्नो संगोलमा रहेको परिवारको कुनै सदस्यको नाममा घर नहुने प्रमुख सूचना आयुक्त र सूचना आयुक्तलाई मासिक रूपमा घरभाडाबापत क्रमशः १२ हजार १ सय ५० रुपैयाँ र ११ हजार ४ सय रुपैयाँ दिइनेछ ।

(२) काठमाडौं उपत्यकाभित्र आफ्नो घर हुने प्रमुख सूचना आयुक्त र सूचना आयुक्तलाई घर सफाइ एवं मर्मतको निमित्त क्रमशः मासिक १ हजार ५ सय रुपैयाँ र १ हजार २ सय रुपैयाँ दिइनेछ ।

(३) प्रमुख सूचना आयुक्त र सूचना आयुक्त प्रत्येकलाई टेलिफोन, बिजुली र धारा सुविधाबापत मासिक १ हजार ५ सय रुपैयाँ दिइनेछ ।

**१२. सवारी तथा इन्धन सुविधाः** (१) प्रमुख सूचना आयुक्त र सूचना आयुक्त प्रत्येकलाई ड्राइभरसहितको मोटर एक, मासिक १ सय लिटर इन्धन र त्रैमासिक ५ लिटर लुब्रिकेण्ट नेपाल सरकारले उपलब्ध गराउनेछ ।

(२) आफ्नो निजी मोटर प्रयोग गर्ने प्रमुख सूचना आयुक्त र सूचना आयुक्तलाई एक/एक जना हलुका सवारी चालक, मासिक १ सय लिटर इन्धन र त्रैमासिक ५ लिटर लुब्रिकेण्टबापतको रकम नेपाल सरकारले उपलब्ध गराउनेछ ।

(३) उपनियम (१) बमोजिम उपलब्ध गराइएको सरकारी मोटरको नियमित मर्मत र सम्भारको बन्दोबस्त आयोगबाट हुनेछ ।

(४) उपनियम (१) वा (२) बमोजिम सवारी साधनको बन्दोबस्त नभएको अवस्थामा प्रमुख सूचना आयुक्त र सूचना आयुक्तलाई सवारी तथा इन्धन सुविधाबापत मासिक रूपमा क्रमशः १५ हजार रुपैयाँ र १२ हजार रुपैयाँ दिइनेछ ।

**१३. उपचार खर्च:** (१) प्रमुख सूचना आयुक्त वा सूचना आयुक्तलाई प्रत्येक वर्ष एक महिनाको तलबबराबरको रकम वा वास्तविक रूपमा लागेको बिलबमोजिमको उपचार खर्चमध्ये जुन रकम कम हुन्छ सोहीबमोजिमको रकम उपचार खर्चबापत दिइनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख सूचना आयुक्त र सूचना आयुक्त बिरामी भई थप उपचार गर्नुपर्ने भएमा नेपाल सरकारले तोकेको मेडिकल बोर्डको सिफारिसको आधारमा नेपाल सरकारबाट उपयुक्त ठहऱ्याएको रकम थप उपचार खर्च दिन सकिनेछ ।

(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख सूचना आयुक्त वा सूचना आयुक्तको उपचारबापत आयोगले नेपाल सरकारसँग परामर्श गरी स्वास्थ्य बिमा (मेडिकल इन्सुरेन्स) को व्यवस्था गर्न सक्नेछ र त्यस्तो व्यवस्था भएकामा यस नियमबमोजिमको उपचार खर्च उपलब्ध गराइने छैन ।

**१४. दैनिक तथा भ्रमण भत्ता:** (१) प्रमुख सूचना आयुक्त वा सूचना आयुक्तलाई आफ्नो ओहदासम्बन्धी काममा नेपालभित्र भ्रमण गर्दा देहायबमोजिम दैनिक तथा भ्रमण भत्ता दिइनेछ ।

(क) दैनिक भत्ता :-.५ सय रुपैयाँ

(ख) भ्रमण भत्ता :- (१) उपनियम (१) बमोजिम भ्रमणमा जाँदा बास बस्नु परेमा प्रत्येक रातका लागि प्रमुख सूचना आयुक्त र सूचना आयुक्तलाई १ हजार २ सय रुपैयाँमा नबढ्ने गरी एकपटकमा बढीमा सात दिनको करको प्रयोजनका लागि दर्ता भएको होटल बिलबमोजिमको होटल खर्च दिइनेछ ।

(२) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले दुर्गम क्षेत्रका कुनै जिल्लामा भ्रमण गरेबापत प्रचलित कानुनबमोजिम थप भ्रमण भत्ता पाउने भए सोसमेत पाउनेछ ।

(२) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तलाई आफ्नो ओहदासम्बन्धी काममा वा नेपाल सरकारको तर्फबाट विभिन्न समारोह, उत्सव, सम्मेलन इत्यादिमा भाग लिन नेपाल बाहिर भ्रमण गर्दा १७५ अमेरिकी डलर दैनिक तथा भ्रमण भत्ता दिइनेछ ।

तर भारतको चेन्नाई, हैदरावाद, बैङ्गलोर, मुम्बई, दिल्ली, कोलकत्ता र बंगलादेशको ढाका र चटगाउँबाहेक अन्य स्थानमा रात बिताउनु पर्दा सो दरको ५० प्रतिशत रकम मात्र दिइनेछ ।

(३) उपनियम (२) बमोजिम नेपाल बाहिर भ्रमण गर्दा यस नियमावलीबमोजिम दैनिक भत्ता पाउनेमा प्रस्थान गरेको दिनको पूरै र भ्रमणबाट फर्केको दिनको हकमा सो दिनभन्दा अघिल्लो दिनको लागि पाउने दैनिक भत्ताको आधा रकम मात्र दिइनेछ ।

(४) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै समारोह, उत्सव वा सम्मेलनमा भाग लिन जाने प्रमुख सूचना आयुक्त वा सूचना आयुक्तको सम्पूर्ण खर्च कुनै विदेशी सरकार वा संघसंस्थाले बेहोर्ने भएमा निजले दैनिक २५ अमेरीकी डलर रकम पकेट खर्चबापत पाउनेछ ।

**१५. चाडपर्व खर्चः** (१) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले आफ्नो धर्म, संस्कृति र परम्पराअनुसार मनाइने चाडपर्वका लागि एक महिनाको पारिश्रमिक बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चका रूपमा पाउनेछ ।

(२) उपनियम (१) बमोजिमको रकम प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले एक आर्थिक वर्षमा एक पटक आफ्नो धर्म, संस्कृति र परम्पराअनुसार मनाइने प्रमुख चाडपर्वको अवसरमा भुक्तानी लिन सक्नेछ ।

**१६. पदीय आचरणः** प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले आफ्नो सेवा र पद अनुकूलको आचरण पालना गर्नुपर्नेछ र त्यस्तो आचरणसम्बन्धी व्यवस्था आयोग आफैंले बनाई लागू गर्नेछ ।

**१७. बिदाः** (१) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले प्रत्येक वर्ष पारिश्रमिकसहितको ६ दिन भैपरी आउने बिदा र छ दिन पर्व बिदा पाउने छन् ।

(२) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले प्रत्येक वर्ष तीस दिनमा नबढाई पारिश्रमिकसहितको घर बिदा लिन पाउनेछ।

(३) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले प्रत्येक वर्ष पारिश्रमिकसहितको १२ दिन बिरामी बिदा पाउनेछ।

(४) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले घर बिदा र बिरामी बिदा सञ्चित गरी राख्न सक्नेछ र जुनसुकै बेहोराले निज आफ्नो पदमा बहाल नरहेमा निजको सञ्चित रहेको घर बिदा र बिरामी बिदाबापत निजले पाई आएको पारिश्रमिकको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ।

(५) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले आफू किरिया बस्नु परेमा कुलधर्म हेरी बढीमा १५ दिनसम्मको पारिश्रमिकसहितको किरिया बिदा पाउनेछ।

(६) महिला प्रमुख सूचना आयुक्त वा महिला सूचना आयुक्त गर्भवती भएमा प्रसूतिको अघि र पछि गरी निजले बढीमा ६० दिन पारिश्रमिकसहितको प्रसूति बिदा एकपटक पाउनेछ।

**१८. बिदा दिने अधिकारी:** (१) प्रमुख सूचना आयुक्तले भैपरी आउने बिदा र पर्व बिदा आफैंले लिन सक्नेछ र अन्य बिदाहरू नेपाल सरकारबाट स्वीकृत गराउनुपर्नेछ।

(२) सूचना आयुक्तले सबै बिदाहरू प्रमुख सूचना आयुक्तबाट स्वीकृत गराउनुपर्नेछ।

**१९. कार्यवाहक भई काम गर्ने:** (१) प्रमुख सूचना आयुक्त बिदामा बसेको, विदेशमा गएको वा प्रमुख सूचना आयुक्तको पद रिक्त भएको अवस्थामा त्यस्तो बिदाको अवधिभर, विदेशमा गएको अवधिभर वा रिक्त पद पूर्ति नभएसम्मका लागि वरिष्ठतम सूचना आयुक्तले कार्यवाहक प्रमुख सूचना आयुक्त भई काम गर्नेछ।

(२) उपनियम (१) बमोजिम कार्यवाहक प्रमुख सूचना आयुक्त भई काम गर्ने सूचना आयुक्तले लगातार पन्ध्र दिनभन्दा बढी अवधि कार्यवाहक भई काम गरेमा त्यसरी कार्यवाहक भई काम गरेको अवधि भरको लागि प्रमुख सूचना आयुक्तले पाए सरहको पारिश्रमिक र सुविधा पाउनेछ।

(३) यस नियमावलीको प्रयोजनका लागि वरिष्ठताको आधार कायम गर्दा नियुक्ति मितिको

आधारमा गरिनेछ र सबै सूचना आयाुक्तको नियुक्ति मिति एउटै भएमा नियुक्तिको क्रमको आधारमा वरिष्ठता कायम गरिनेछ ।

**२०. सचिवसम्बन्धी व्यवस्थाः** (१) आयोगको प्रशासकीय प्रमुखका रूपमा काम गर्न एकजना सचिव रहनेछ ।

(२) नेपाल सरकारले निजामती सेवाको राजपत्रांकित विशिष्ट श्रेणीको कुनै अधिकृतलाई आयोगको सचिवका रूपमा काम गर्न तोक्नेछ ।

**२१. सचिवको काम, कर्तव्य र अधिकारः** सचिवको काम, कर्तव्य र अधिकार यस नियमावलीमा अन्यत्र लेखिएको अतिरिक्त देहाय बमोजिम हुनेछ :-

(क) आयोगको प्रशासकीय प्रमुखका रूपमा काम गर्ने,
(ख) आयोगमा परेका पुनरावेदन, निवेदन, उजुरी तथा अन्य प्रयोजनको लागि आवश्यक पर्ने कागजात सम्बन्धित निकायबाट झिकाउने,
(ग) पुनरावेदन, निवेदन तथा उजुरी साथ संलग्न कागजात जाँचबुझ गर्ने,
(घ) आयोगको निर्णय तथा आदेशको कार्यान्वयन गर्ने गराउने,
(ङ) आयोगको तर्फबाट अन्य कुनै निकायमा सम्पर्क गर्नुपर्ने भएमा पत्राचार गर्ने वा गराउने,
(च) आयोगमा जम्मा भएको दस्तुर तथा रकम सरकारी कोषमा जम्मा गर्न लगाउने,
(छ) आयोग समक्ष परेको पुनरावेदन, निवेदन तथा उजुरी जाँचबुझ गरी आयोगसमक्ष पेस गर्ने,
(ज) आयोगको तर्फबाट गर्नुपर्ने प्रवर्द्धनात्मक कार्यहरू गर्ने वा गराउने,
(झ) आयोगको काम कारबाहीसँग सम्बन्धित तथा आयोगले तोकेबमोजिमको अन्य काम गर्ने वा गराउने ।

**२२. सचिवको आदेश उपरको उजुरीः** (१) ऐन वा यस नियमावलीबमोजिम आयोगसमक्ष परेको पुनरावेदन, निवेदन वा उजुरीका सम्बन्धमा सचिवले नियम ५ को उपनियम (५) बमोजिम दिएको आदेशउपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश दिएको मितिले १५ दिनभित्र आयोगसमक्ष उजुरी गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै उजुरी परेमा आयोगले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी ७ दिनभित्र टुंगो लगाउनुपर्नेछ ।

**२३. निर्णय गर्ने वा सूचना उपलब्ध गराउने अवधिः** (१) ऐनको दफा ९ को उपदफा (१) बमोजिम परेको उजुरीको सम्बन्धमा प्रमुखले आवश्यक जाँचबुझ गरी ७ दिनभित्र अन्तिम टुंगो लगाई सक्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम उजुरी जाँचबुझ गर्दा ऐनको दफा ९ को उपदफा (२) बमोजिम उजुर गर्ने व्यक्तिलाई सूचना उपलब्ध गराउन पर्ने देखिएमा प्रमुखले त्यसरी उजुरी टुंगो लागेको मितिले बढीमा ७ दिनको म्याद दिई सूचना उपलब्ध गराउन सम्बन्धित सूचना अधिकृतलाई आदेश दिनुपर्नेछ ।

**२४. सूचना दुरुपयोग गरेमा उजुरी गर्नेसम्बन्धी कार्यविधिः** (१) कुनै व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचना जुन प्रयोजनको लागि प्राप्त गरेको हो सो प्रयोजनको लागि प्रयोग नगरी दुरुपयोग गरेमा सम्बन्धित सार्वजनिक निकायले त्यसरी सूचना दुरुपयोग गरेको जानकारी भएको मितिले ३५ दिनभित्र आयोगसमक्ष उजुरी गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको उजुरी जाँचबुझ गर्दा सूचना प्राप्त गर्ने व्यक्तिले सूचना दुरुपयोग गरेको देखिएमा आयोगले त्यस्तो व्यक्तिलाई ऐनबमोजिम सजाय गर्नेछ ।

(३) उपनियम (२) बमोजिम सजाय गर्नुअघि आयोगले आवश्यक ठानेमा सूचना दुरुपयोगको आरोप लागेको व्यक्तिलाई आयोगसमक्ष झिकाइ बयान गराउन सक्नेछ ।

**२५. निर्देशिका जारी गर्न सक्नेः** (१) आयोगले आफ्नो काम कारबाही सुचारु रूपले सञ्चालन गर्नको लागि आवश्यक निर्देशिका बनाइ जारी गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम जारी गरेको निर्देशिका सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्नेछ ।

# अनुसूची

(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

**श्री राष्ट्रिय सूचना आयोगमा दिएको**
**पुनरावेदन**

मार्फत.......................................................कार्यालय
..................................................................पुनरावेदक

**विरुद्ध**

प्रत्यर्थी

.................................................................................

विपक्षी

**विषयः ..................................................**

..........................................सार्वजनिक निकायको प्रमुख श्री ......................................ले मिति ................. मा मलाई /हामीलाई.......................... विषयको सूचना दिन नमिल्ने गरी निर्णय गरेकोमा देहायको आधार र कारणबाट मलाई / हामीलाई सो निर्णयमा चित्त नबुझेको हुँदा ऐनको म्याद ३५ दिनभित्र यो पुनरावेदन गर्दछु/गर्दछौं ।

(क)

(ख)

(ग)

(घ)

माथि लेखिएको बेहोरा ठीक साँचो हो, झुट्ठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला ।

**संलग्न कागजात**

(क) सार्वजनिक निकायको प्रमुखले गरेको निर्णयको प्रतिलिपि ।

(ख)

(ग)

पुनरावेदकको सही

इति सम्वत्................साल............महिना...........गते रोज ......शुभम् ।

# सूचनाको हकसम्बन्धी पहिलो राष्ट्रिय सम्मेलन

## 28- 29 मार्च, काठमाडौं

### काठमाडौं घोषणापत्र

हामी, मार्च २८-२९ तारेखमा काठमाडौंमा आयोजित सूचनाको हकसम्बन्धी प्रथम राष्ट्रिय सम्मेलनका सहभागीहरू- जसमा सामाजिक कार्यकर्ता, नागरिक समाजका सदस्यहरू, पत्रकार, आमसञ्चार व्यवसायी, विधायक, राजनीतिक कार्यकर्ता, विकास कार्यक्रमका अभियन्ता, कानुन व्यवसायी, वरिष्ठ सरकारी अधिकारीहरू, शिक्षाविद्का साथसाथै सूचनाको हकको क्षेत्रमा कार्यरत दक्षिण एसियाका सम्पूर्ण राष्ट्रका प्रतिनिधि सल्लाहकारसमेतको उपस्थिति रह्यो - यहाँ निम्नानुसारका निष्कर्षहरूलाई नेपालमा सूचनाको अधिकारलाई सर्वस्वीकार्य बनाउँदै त्यको प्रभावकारी अभ्यासका लागि उपयुक्त वातावरण निर्माणहेतु काठमाडौं घोषणापत्रको रूपमा प्रस्तुत गर्दछौं ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) को धारा-१९ एवम् नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (ICCPR)को धारा १९ को प्रत्येक व्यक्तिलाई विचार तथा अभिव्यक्ति स्वतन्त्रताको हक (अधिकार) छ ; यस्तो अधिकारमा कुनै बाधा अड्चनरहित वैचारिक स्वतन्त्रता हुने र सूचना तथा विचारहरू खोज्ने, पाउने र सम्प्रेषण गर्न पाउने स्वतन्त्रता पर्दछन् ; जहाँ सिमानाहरूको कुनै प्रवाह हुँदैन भन्ने वाक्यांश स्मरण गर्दै;

साथै, लोकतन्त्रको विश्वव्यापी घोषणा (UDD) को धारा २१ पनि मनन गर्दै; जसले भन्छ- 'लोकतन्त्रले विचार अभिव्यक्ति स्वतन्त्रताको पूर्वानुमान गर्दछ; यस अधिकारमा बिनाहस्तक्षेप मत प्रकट गर्ने तथा कुनै पनि सञ्चारमाध्यममार्फत सीमाबिहीन रूपमा सूचना र विचार खोज्ने तथा प्राप्त गर्ने तथा सम्प्रेषण गर्ने स्वतन्त्रता अन्तरनिहीत हुन्छ; '

सहस्राब्दी विकास लक्ष्य र पेरिस घोषणापत्रले 'असल शासन' लाई विकास र गरिबी निवारणको मूल तत्वका रूपमा ग्रहण गरेको तथा प्रेस स्वतन्त्रता एवम् सुसूचित हुन पाउने अधिकार लोकतन्त्रको प्रवर्द्धन तथा सबै किसिमका मानव अधिकार र आधारभूत स्वतन्त्रताको सुनिश्चितताका लागि अपरिहार्य भएको तथ्य स्वीकार गर्दै;

सन् २०१० को मे ३ मा जारी भएको ब्रिश्वेन घोषणापत्रप्रति ऐक्यबद्धता जाहेर गर्दै, जसले सूचनाको अधिकारलाई अभिव्यक्ति स्वतन्त्रताको एक अभिन्न अंग मान्नुका साथै यी दुवै अधिकारलाई लोकतन्त्रलगायत अन्य सबै अधिकार तथा स्वतन्त्रताको आधारस्तम्भ मानेको छ;

सूचनाको हकले प्रत्येक व्यक्तिलाई सार्वजनिक निकायको हरेक तह- स्थानीय, राष्ट्रिय र सिद्धान्ततः अन्तर्राष्ट्रियसमेत मातहत रहेका सूचनासम्मको पहुँच सुनिश्चित गर्ने कुरालाई हृदयङ्गम गर्दै सूचनाको हक, सुसूचित निर्णय क्षमता विकास, बृहत्तर सामाजिक समावेशीकरण, सार्वजनिक गतिविधिको निष्पक्ष अनुगमन, पारदर्शिता र जवाफदेहीताको अभिवृद्धि तथा भ्रष्टाचार निवारण गर्न अत्यन्त महत्वपूर्ण हुने कुरामा जोड दिँदै;

छलफलमा व्यक्त, विचार एवम् दक्षिण एसियाली क्षेत्रीयस्तरका विज्ञहरूको अनुभवसमेतबाट सूचनाको हकमार्फत जनताको सवलीकरण सुनिश्चित गर्न, नागरिक विश्वासको अभिवृद्धि गर्न तथा जात, धर्म, लिंङ्ग र अन्य फरकपनमा कुनै भेदभाव नगरी सामाजिक समता एवम् समानता प्रवर्द्धन गर्न अत्यन्त सहयोगी संयन्त्र हो भन्ने कुरामा आस्वस्त हुँदै;

सूचनाको पहुँच प्रवर्द्धन भएमा बजार व्यवसाय पनि फस्टाउने, लगानी बढ्ने, वित्तीय जोखिम कम हुने र विकासका नाममा आउने सहयोग राशिको प्रभावकारिता बढाउन मद्दत पुग्ने कुरालाई आत्मसात गर्दै;

सूचना तथा सञ्चार प्रविधि (ICT)लाई सबैको पहुँचभित्र ल्याउन सके सूचनाको हकको पूर्ण र प्रभावकारी कार्यान्वयन गराई यसलाई महिला, सिमान्तकृत, अवहेलित, प्रताडितलगायत सबै वर्गको हितमा ल्याउन धेरै मद्दत पुग्ने कुराको बोध गर्दै;

सूचनाको अधिकारले पाउँदै गरेको बढ्दो अन्तर्राष्ट्रिय मान्यतालाई स्वागत गर्दै, जुन कुरा विभिन्न अन्तर्राष्ट्रिय विज्ञप्तिहरू, सन्धि सम्झौता एवम् बिधिशास्त्रका साथै हालका दिनहरूमा राष्ट्रियस्तरमा बढ्दै गएको सूचनाको हकसम्बन्धी कानुन अवलम्बन गर्ने प्रचलनले समेत पुष्टि गर्छ;

कुनैपनि मुलुकमा सूचनाको हकसम्बन्धी कानुन प्रभावकारी रूपमा कार्यान्वयन गर्न उपयुक्त व्यावहारिक संयन्त्रको पनि सहयोग चाहिनेमा आश्वस्त हुँदै;

विश्वभर सूचनाको अधिकारलाई आधारभूत मानवअधिकारको एक अंशका रूपमा प्रवर्द्धन गर्दै त्यसलाई मान्यता दिलाउने कार्यमा समर्पित सबैको प्रयास एवम् सूचना माग्ने र

दिनेहरूका विरूद्ध मुलुकभित्र र बाहिरका कुनै पनि ठाउँमा हुने गरेका प्रताडन, दुर्व्यवहार र धम्कीका घटनाहरूविरूद्ध बोल्ने र आवाज उठाउने पत्रकार एवं आमसञ्चारकर्मीहरूको सराहना गर्दै;

अप्रिल २०१० को दिल्ली घोषणापत्रलाई आत्मसात गर्दै, जसमा सूचनाको हकसम्बन्धी दक्षिण एसियाली क्षेत्रीय भेलाले आगामी संबिधानमा सूचनाको हकलाई आधारभूत अधिकारका रूपमा सुनिश्चित गर्न राष्ट्रिय सूचना आयोगको सुदृढीकरण, कार्यपालिकाअन्तर्गत एक आधिकारिक निकाय (Nodal Agency) गठन, सूचनाको हकसम्बन्धी नियमावली परिमार्जन तथा सरकार नागरिक समाज र आमसञ्चारबीच सहकार्य अभिवृद्धि गर्नुपर्नेलगायतका कार्यलाई नेपालको तात्कालिक प्राथमिकताको सूचीमा राखिएको छ ;

सूचनाको हकको प्रभावकारी अभ्यास र मूल प्रवाहीकरण नै शान्ति प्रक्रिया, लोकतन्त्र तथा समग्र सामाजिक रूपान्तरण र निष्पक्षतासँग गाँसिएका आमजनताका सामूहिक सपना वा अभिलासा पूरा गर्न एवम् खुल्ला र पारदर्शी समाजको निर्माण गरी नयाँ नेपालको अनुभूति हुने ढङ्गले प्रभावकारीरूपमा राज्यको पुनःसंरचना गर्नसमेत एक आदर्श उपाय हो भन्ने कुरामा विश्वस्त हुँदै;

तथा महामहिम राष्ट्रपति महोदयले हिजो यो भव्य सम्मेलन उद्घाटन गर्दा व्यक्त गर्नुभएको अभूतपूर्व प्रतिबद्धता र आश्वसनका शब्दहरु साथै संविधानसभाका सम्माननीय अध्यक्ष सुवास नेम्वाङज्यूको प्रतिबद्धताबाट उत्साहित र र आश्वस्त हुँदै;

नेपालमा सूचनाको हकको प्रभावकारी अभ्यासका लागि उपयुक्त वातावरण निर्माण गर्नका लागि हामी निम्नानुसारका कार्यक्रमहरु तत्काल लागु गर्न सुझाव दिन्छौंः

## सरकारका लागिः

- सूचनाको हकसम्बन्धी कानुनको समुचित कार्यान्वयन सुनिश्चित गर्न तत्काल एउटा केन्द्रीय नोडल एजेन्सी गठन गरियोस् जोसँग आवश्यकताअनुसार देशभर आफ्ना शाखाहरु खोली काम गर्ने अधिकार पनि रहोस् ।
- अभिलेख संग्रह र व्यवस्थापनको प्रभावकारी संयन्त्र निर्माण गरी जुनसुकै समयको भए पनि सूचनासम्मको पहुँचलाई सरल बनाइयोस् ।
- स्थानीय तहदेखि केन्द्रसम्मका सबै निकायमा सूचना अधिकारीको नियुक्ति सुनिश्चित होस् र सबै सरकारी अधिकारी र सरकारी सहयोगमा चलेका आयोजनाका कर्मचारीहरुले सूचनाको हकसम्बन्धी कानुहरुको पालना गरून् ।
- आधुनिक सूचना तथा सञ्चार प्रविधी (ICT) को उपयोग गरी सार्वजनिक

निकायहरुमा आन्तरिक सञ्चार पद्धतिको विकास र परिमार्जन गरियोस् तथा स्पष्ट लघु, मझौला र दीर्घकालीन कार्यायोजना तर्जुमा गरी सूचना तथा सञ्चार प्रविधिलाई समाजका सबै वर्गमा सर्वसुलभ बनाई सूचनामा जनताको पहुँच वृद्धि गरियोस् ।

- स्थानीय निकायको चुनाव अबिलम्व गराइयोस् ताकी स्थानीयस्तरमा लोकतान्त्रिक ढंगले निर्वाचित सरकार कार्यमूलक रहन सकोस् जसले स्थानीय विकास, सार्वजनिक सेवा, भ्रष्टाचार नियन्त्रण तथा शासन र स्थानीय बजेट निर्माणमा जनसहभागिताको सुनिश्चितता होस् ।
- कर्मचारीहरुका लागि सूचनाको अधिकार सम्बन्धमा समय सयममा तालिम, पुनःताजगी कार्यक्रम तथा बाह्य अवसरहरुको व्यवस्था गरियोस् जसबाट उनीहरुले सूचनाको अधिकारका सिद्धान्त र व्यवहारबारे ज्ञान आर्जन गर्न सकुन् ।
- सूचनाको अधिकारलाई आत्मसात गर्दै प्रशासन र समग्र कर्मचारीतन्त्रमा सुधार ल्याउन दृढ अग्रसरता देखाइयोस् ।
- दिन नमिल्ने खालका सूचनाहरु (सूचनाको हक आकृष्ट नहुने) को किसिम र दायरालाई भरिसक्य सानो (सीमित) बनाइयोस् ।
- 'सूचनाको वर्गीकरण' गर्ने (वर्तमान) व्यवस्था खारेज गरी वर्गीकरण संविधान र कानुनले अनुमति दिएअनुसार मात्र गरियोस् [संविधान वा कानुनले 'सूचनाको हक आकृष्ट नहुने' अन्तर्गत पारेकोमा बाहेक सूचनालाई 'दिन नमिल्ने' वर्गमा नराखियोस् ]
- राष्ट्रिय सूचना आयोगको, बजेट र कर्मचारी छनौट लगायतका कामलाई स्वतन्त्र बनाउने काम गरियोस् । सुपरिवेक्षण निकाय राष्ट्रिय सूचना आयोगको स्वतन्त्रता उपयुक्त कानुनी व्यवस्थाद्वारा सुनिश्चित हुनुपर्छ ।
- सूचनाको माग गर्दै परेका निवेदनहरु, तथा मागबमोजिम दिइएका वा नदिइएका सूचनाहरुको अभिलेख राख्ने व्यवस्था गरियोस् ।

## राष्ट्रिय सूचना आयोगका लागि :

- सूचनाको हक संरक्षण र प्रवर्द्धन गर्न सशक्त र सक्रिय (proactive) कार्ययोजना ल्याउनुपर्ने ।
- आफ्नो काममा चुस्तता ल्याई प्राप्त निवेदन, गुनासा, समस्या र [सूचनाका लागि गरिएका] अनुरोधहरु माथि चाँडो न्याय दिन सक्नुपर्ने ।
- सूचनाका लागि देशभर पर्ने निवेदनहरुमाथि भएका सुनुवाइ - निष्कर्षहरुको अभिलेख राख्ने र सार्वजनिक निकायहरुलाई प्रायः मागिने गरेका सूचनाहरुको प्रकार सम्बन्धमा सामान्य जानकारी गराइराख्ने ताकि सार्वजनिक निकायहरुले

आफू मातहतका सूचनाहरु व्यवस्थित राख्न सकून् ।

- सूचनाको हकको उचित अभ्यासका साथै सूचना माग्ने व्यक्ति/सूचनाको हकका क्षेत्रमा लागि पर्ने कार्यकर्ताको सुरक्षाको सुनिश्चितताका लागि सरकार तथा न्यायिक/अर्ध-न्यायिक निकायका साथै अन्य आयोगहरुसँग समन्वय गर्ने ।
- सार्वजनिक निकायहरुद्वारा गरिने आवधिक सूचना प्रवाह (Disclosure) को अनुगमन गर्नुका साथै त्यस्तो सार्वजनकि सूचना प्रवाहको लागि उपयुक्त निर्देशिका जारी गर्ने ।
- सूचनाका लागि गरिने आवेदनका लागि आधुनिक विद्युतीय प्रविधिको प्रयोगलाई पनि मान्यता दिने ।
- सूचनाका लागि गरिने आवेदनका लागि आधुनिक विद्युतीय प्रविधिको प्रयोगलाई पनि मान्यता दिने ।
- दुर्गम ठाऊँ तथा पिछडिएका, सिमान्तकृत वर्ग र प्रताडित (Victimized) व्यक्तिहरुबाट प्राप्त भएका निवेदनलाई उपयुक्त अग्राधिकार दिएर हेर्ने ।

## नागरिक समाज/गैरसरकारी संस्थाहरुका लागि

- सूचनाको अधिकारलाई मूलप्रवाहमा ल्याउने प्रक्रियालाई सही दिशा दिन आपसमा कडा, स्वतन्त्र, र भरपर्दो मित्रता एवं सञ्जाल निर्माण गर्ने ।
- सूचनाको हकबारे सचेतना, जागरण तथा शैक्षिक अभियानमा संलग्न हुने र सूचनाको हकसम्बन्धी कानुनहरु अर्थपूर्ण ढङ्गले लागू गराउन सम्बन्धित निकायहरुमा दबाव सिर्जना गर्ने ।
- सूचनाको हकसँग सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्न र सूचना विस्तार गर्न विद्यमान सञ्जालहरुको पर्याप्त प्रयोग गर्ने ।
- जनस्तरमा 'दैलो-दैलोमा' सूचनाको अभियान सञ्चालन गर्ने ।
- रसिला निकायहरु (Wet Agencies) का रूपमा चिनिने भनसार, मालपोत, यातायात विभाग, उपभोक्ता सेवा प्रदायक निकायका साथै विभिन्न ठाउँहरुमा सम्भव भएसम्म सूचनाको हकसम्बन्धी सहयोग कक्ष (Hep Desk) तथा सूचना केन्द्र/विद्युतीय पुस्तकालयहरु स्थापना गर्ने ।
- मुलुकभरका सूचनाको हकसम्बन्धी कार्यहरुको तथ्य संकलन र अनुगमन गर्न पाइला चाल्ने ।
- सूचनाको अधिकारको प्रयोग र अभ्यासपद्धति (System Test) मा एक सर्भेक्षण गरी तथ्याङ्क/प्रमाणहरुको सङ्कलन गर्ने, जसबाट सूचनाको हकको प्रयोग थप सहज वनोस् र भविस्यमा गर्नुपर्ने काम निर्क्योल गर्न सजिलो होस् ।
- नागरिक समाजका हरेक अभियानहरुमा सूचनाको हकलाई विकासको बहु-आयामिक (Cross-Cutting) विषयको रूपमा समावेश गर्ने ।

- स्थानीय निकायहरुमा सूचनाको हकसम्बन्धी अभ्यासको सर्भेक्षण (Piloting) गर्ने ।
- सबै सार्वजनिक निकायहरुमा सामाजिक लेखा (Social Audit) सार्वजनिक सुनुवाइक, (Public Hearing) र नागरिक स्कोर कार्डको प्रचलन बढाउने ।

## संसद्/संविधानसभाका लागि

- सूचनाको हकलाई नयाँ संविधानमा सशक्त ढङ्गले प्रस्तुत गर्ने (सूचनाको हकलाई जनताको आधारभूत अधिकारको रूपमा कायम राख्दै यसको पालना सूचनाको हकसम्बन्धी कानुनअनुसार हुनुपर्ने व्यवस्था गर्ने ।
- सूचनाको हकसम्बन्धी कानुनसँग बाँधिने अन्य सबै कानुनहरु संशोधन गरी सूचनाको हकसम्बन्धी कानुन नै माथि हुने (Over Ridding) व्यवस्था सुनिश्चित गर्ने ।
- नयाँ संविधानको प्रस्तावनामा 'सूचनाको निर्वाध प्रवाह' सुनिश्चित गर्न यही शब्दावलीको प्रयोग गर्ने ।
- सूचनाको अधिकारका अपवादहरु संविधानद्वारा नै व्यवस्थि तगर्ने । सूचनाको हकलाई नागरिकको मात्र नभई प्रत्येक व्यक्तिको अधिकारका रूपमा प्रत्याभूत गरिनुपर्ने ।
- संघीय संरचनाका हरेक तहमा सूचनाको अधिकारलाई प्रत्याभूत गरिनुपर्ने ।

## सञ्चारमाध्यम (मिडिया) का लागि

- नेपालमा सूचनाको हक प्रवर्धन गर्न लागि पर्ने प्रमुख अभियन्ताको रूपमा सूचनाको हक संरक्षणका लागि सञ्चारजगत्ले यो अभियानलाई आफ्ना सञ्चारमाध्यममार्फत् जारी राख्ने ।
- सूचनाको हकसँग सम्बन्धित कभरेज बढाउने र सामुदायिक पत्रकारितालाई टेवा दिने ।
- पाठक वा दर्शक/श्रोता वर्गमा सूचनाको हकका फाइदा र महत्वका विषयमा प्रकाश पार्ने ।
- सूचनाको हकसम्बन्धी ऐनको प्रयोग गरी तयार पारिएका गहन (खोज्न-अनुसन्धानमूलक) सामग्रीहरु प्रकाशन/प्रसारण गर्न प्रोत्साहन दिने ।
- सूचनाको हक अभ्यासका शिलशिलामा भएका सफलताका कथाहरुलाई उजागर गर्ने।

## विश्वविद्यालय/शैक्षिक संस्थाहरुका लागि

- 'सूचनाको हक'लाई शैक्षिक पाठ्यक्रमहरुमा एक बहु-आयामिक विषयका रूपमा समावेश गर्ने ।
- सूचनाको हकसँग सम्बन्धित विषयमा बौद्धिक खोज, अनुसन्धान गर्ने ।
- पुस्तकालय/सिकाइ केन्द्रहरुमा पर्यापत मात्रामा सूचनाको हकसम्बन्धी पाठ्य एवं श्रब्य-दृश्य सामग्री उपलब्ध गराउने ।

## राजनीतिक दलहरुका लागि

- राजनीतिक दलहरुले, परिवर्तनको संवाहकका रूपमा सूचनाको हकलाई समग्र लोकतान्त्रिक प्रक्रिया, सामाजिक, राजनीतिक रूपान्तरण, सवलीकरण, समावेशीकरण एवं गरिबी निवारणका लागि आफ्नो मूल कार्य सूची अन्तर्गत राख्ने अभियान चलाउनुपर्ने ।
- आन्तरिक किताबखानाको व्यवस्था, लेखापरीक्षण, आयस्रोत एवं आम्दानी र खर्चको विवरण सार्वजनिक रूपमा खुलस्त गर्ने परिपाटी बसाउने ।
- दलका नेता, कार्यविभाजन र विभिन्न समितिहरुका सदस्य छनौटका लागि आन्तरिक निर्वाचन प्रक्रिया र तीनको पारदर्शिता सुनिश्चित गर्ने ।
- सूचना अधिकारकिो व्यवस्था सहितको सूचना व्यवस्थापन प्रणालीको विकास गर्ने ।
- गोप्यताको संस्कृतिबाट खुलापनतिर अग्रसर हुनपर्ने; र यसप्रतिको प्रतिबद्धता ठोस कार्यबाट देखाउन सक्नुपर्ने ।

अन्तमा, यो राष्ट्रिय सम्मेलन माथि उल्लिखित निश्कर्षहरुको व्यावहारिक कार्यान्वयनका खातिर विभिन्न क्षेत्रका सरोकारवालाहरु संलग्न रहेको एउटा कार्य अनुगमन तथा परिचालन (कार्यान्वयन) समिति (Action Monitoring and Steering Committee) गठन गर्न र तत्सम्बन्धी कार्यलाई गति दिनत फ्रिडम फोरममा नै एक सचिवालय स्थापनाका लागि समेत अनुमति प्रदान गर्दछ ।

**मार्च २९, २०११**
**(तद्नुसार, चैत १५, २०६८), काठमाडौं**

## सूचनाको हक सहायता केन्द्र (RTI Support Center)

फ्रिडम फोरमले सूचनाको हक प्रयोग गर्न चाहने नागरिकहरुका लागि आवश्यक सहयोगका लागि सूचनाको हक सहायता केन्द्र स्थापना गरेको छ । यस केन्द्रले आफ्नै अग्रसरतामा विभिन्न राष्ट्रिय सरोकारका सूचना जनता समक्ष ल्याएर सामाजिक जवाफदेहती प्रवर्द्धनको काम गरिरहेको छ । हालसम्म फ्रिडम फोरमका सदस्यहरुमार्फत विभिन्न सार्वजनिक निकायमा सयौं सूचना माग गरी कतिपय सूचना सञ्चारमाध्यम तथा अन्य विभिन्न माध्यममार्फत सार्वजनिक पनि गरेको छ। यस केन्द्रबाट तालिम पाएका युवाहरु देशव्यापी रूपमा सूचना मागको अभियानमा जुटेका छन्। चर्चित भ्याट छलीको प्रतिवेदन सार्वजनिक गर्नेदेखि आयल निगमले जथाभावी तेलको कुपन बाँडेको सम्मका तथ्य सार्वजनिक गराउनमा यो केन्द्रले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।

यस केन्द्रबाट सूचनाको हकसम्बन्धी निवेदन लेख्न, सूचना नपाएमा उजुरी तथा पुनरावेदन दिन तथा अन्य आवश्यक सहयोग निःशुल्क रूपमा उपलब्ध गराईंदै आएको छ। यदि तपाईंलाई कुनै सहयोग चाहिएमा निम्न ठेगानामा सम्पर्क गर्न सक्नुहुन्छ।

**सूचनाको हक सहायता केन्द्र**
**फ्रिडम फोरम**
पोष्ट बक्सः २४२९२, थापाथली, काठमाडौं, नेपाल
**इमेलः** rtisupport@freedomforum.org.np
**फोनः** ४१०२०२२ / ४१०२०३०
**फ्याक्सः** ४२२६०९९

फ्रिडम फोरम अनुसन्धान एवं वकालतकर्ता प्राज्ञिक समुदायको साझा पहल हो। लोकतन्त्र, मानवअधिकार, प्रेस स्वतन्त्रता र राष्ट्रको समविकासमा समर्पित रहने उद्देश्यले २०६२ सालमा यसको स्थापना भएको हो।

मानव स्वतन्त्रताको उच्चतम मूल्यप्रति प्रतिवद्ध पत्रकार, कानुन व्यवसायी, मानवअधिकारकर्मी, प्राध्यापक-शिक्षक, समाजशास्त्री तथा विकास कार्यकर्ताहरुको साझा मञ्चका रूपमा यो फोरम स्थापना गरिएको हो।

सूचनाको हक, वजेट र वैदेशीक सहयोगको पारदर्शिता लगायत सामाजिक जवाफदेहीता प्रवर्धनका गतिविधिमार्फत आम जनतालाई लोकतन्त्रको प्रतिफल प्राप्त गर्ने अवस्थामा पुऱ्याउन यो संस्था प्रयासरत छ।

समुन्नत लोकतान्त्रिक समाज यसको लक्ष्य हो। मुलुकका विभिन्न क्षेत्रमा छरिएर रहेका स्वतन्त्रताका पुजारीहरु यसका सदस्य वन्न सक्छन्। नागरिक समाज, आमसञ्चार, पेसागत क्षेत्र र तल्लो तहका सामुदायिक संगठनसँग सहकार्य गरेर अगाडि वढ्ने हाम्रो नीति रहेको छ।

सम्पुर्ण स्वतन्त्रता मानव सभ्यताको अनन्त चाहना हो। स्वतन्त्रताभन्दा मूल्यवान अरू केही छैन भन्ने फ्रिडम फोरम ठान्छ।

**फ्रिडम फोरम**
**थापाथली, काठमाडौं, नेपाल**
**पोष्ट बक्सः २४२९२**
**इमेल : rtisupport@freedomforum.org.np**
**फोन : ४१०२०३०/४१०२०२२**
**फ्याक्स : ४२२६०९९**